# सर्वोच्च अदालत




# लागू औषध सम्बन्धी कसूरको सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन

(सर्वोच्च अदालतको पूर्ण बैठकबाट मिति २०७५।११।८।४ मा स्वीकृत भएको)

**२०७५**

# लागू औषध सम्बन्धी कसूरको सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शनको आवश्यकता

लागू औषध (नियन्त्रण) ऐन, २०३३ ले लागू औषध सम्बन्धी विभिन्न कसूरजन्य कार्यहरुलाई अपराधीकरण गरी कसूर गर्ने व्यक्तिलाई सजायको व्यवस्था गरेको छ। उक्त ऐनको दफा ४ को खण्ड (क) मा उल्लिखित कसूरहरु मध्ये १० किलोग्रामदेखि माथिको परिमाणको गाँजा उत्पादन, खरीद, बिक्री, वितरण निकासी वा पैठारी ओसारपसार तथा सञ्चय गर्ने कसूर, सोही दफाको खण्ड (ख) मा उल्लिखित कसूरहरु मध्ये २५ बोटभन्दा माथि अफिम वा कोकाको खेती गर्ने तथा अफिम, कोका वा सोबाट बनेको लागू औषधको सेवन र खेती गर्ने कार्य बाहेक अन्य निषेधित कार्य गर्ने कसूर, तथा सोही दफाको खण्ड (ग), (घ), (ङ) र (च) मा उल्लिखित कसूर गर्ने कसूरदारलाई न्यायिक स्वविवेकमा सजाय निर्धारण गर्नु पर्ने गरी सजायको माथिल्लो र तल्लो हदको व्यवस्था गरिएको छ।

सोही ऐनको दफा ४ को खण्ड (क) मा उल्लिखित कसूरहरु मध्ये गाँजा सेवन गर्ने, खेती गर्ने, १० किलोग्रामसम्म गाँजाको कारोवार गर्ने कसूर, सोही दफाको खण्ड (ख) उल्लिखित कसूरहरु मध्ये अफिम, कोका वा सोबाट बनेको लागू औषधको सेवन गर्ने, २५ बोटसम्म अफिम वा कोकाको खेती गर्ने र सोही दफाको खण्ड (छ) उल्लिखित कसूर गर्ने तथा दफा ५क., ५ख., १७क., र १७ख. मा उल्लिखित कसूर गर्ने कसूरदारलाई ३ बर्षसम्म कैद तथा रु. ३० हजार रुपैयाँसम्म जरीवाना हुने व्यवस्था गरिएको छ।

साथै, लागू औषध सम्बन्धी कसूर गर्ने कसूरदारलाई ऐनको दफा १४ मा उल्लिखित सजायका अतिरिक्त सोही ऐनको दफा १६ र अपराध संहिता तथा प्रचलित कानून बमोजिम थप सजाय हुने व्यवस्था समेत रहेको छ।

३ बर्षसम्म कैद तथा रु. ३० हजार रुपैयाँसम्म जरीवाना हुने कसूर गर्ने कसूरदारलाई सजाय निर्धारणको प्रयोजनका लागि छुट्टै सुनुवाई गर्नु नपर्ने भएकोले उल्लिखित कसूर गर्ने कसूरदारलाई सजाय निर्धारण गर्न छुट्टै मार्गदर्शन बनाइएको छैन।

उल्लिखित कसूर बाहेक लागू औषध (नियन्त्रण) ऐन, २०३३ ले सजायको माथिल्लो र तल्लो हद तोकिएका दफा ४ को खण्ड (क) मा उल्लिखित कसूरहरु मध्ये १० किलोग्रामदेखि माथिको परिमाणको गाँजा उत्पादन, खरीद, बिक्री, वितरण निकासी वा पैठारी ओसारपसार तथा सञ्चय गर्ने कसूर, सोही दफाको खण्ड (ख) मा उल्लिखित कसूरहरु मध्ये २५ बोटभन्दा माथि अफिम वा कोकाको खेती गर्ने तथा अफिम, कोका वा सोबाट बनेको लागू औषधको सेवन र खेती गर्ने कार्य बाहेक अन्य निषेधित कार्य गर्ने कसूर, तथा सोही दफाको खण्ड (ग), (घ), (ङ) र (च) मा उल्लिखित कसूर गर्ने कसूरदारलाई सम्बद्ध कानूनका व्यवस्थाहरुलाई समग्रतामा विचार गरी न्यायिक स्वविवेकमा उपयुक्त सजाय निर्धारण गर्न मार्गदर्शनको लागि सर्वोच्च अदालतले यो **लागू औषध सम्बन्धी कसूरको सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन** बनाएको छ।

# सामान्य मार्गदर्शनको प्रयोग

- यो सामान्य मार्गदर्शन लागू औषध (नियन्त्रण) ऐन, २०३३ मा ३ वर्षसम्म कैद तथा रु.३० हजारसम्म जरिबाना हुने सजायको व्यवस्था भएका बाहेकका अन्य लागू औषध सम्बन्धी कसूरमा सजाय निर्धारण गर्दा मार्गदर्शकको रुपमा रहनेछ।
- यो सामान्य मार्गदर्शन लागू औषध सम्बन्धी कसूरमा कसूरदार ठहर भएको प्रतिवादीलाई सजाय निर्धारण गर्ने प्रयोजनका लागि प्रयोग हुनेछ।
- यो सामान्य मार्गदर्शन १८ वर्ष वा सोभन्दा बढी उमेर भएको कसूरदारलाई सजाय निर्धारण गर्दा लागू हुनेछ र कुनै कसूरदार १८ वर्षभन्दा कम उमेरको भएमा त्यस्तो कसूरदारलाई सजाय निर्धारण गर्दा **कसूरदार बालबालिकाको सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन** समेत लागू हुनेछ।
- लागू औषध सम्बन्धी कसूरको कसूरदारलाई हुन सक्ने सजायको दायरा (Range) लाई मध्यजनर गरी कसूरको गम्भीरता, कसूरदारको दोषिपना (Culpability) र कसूरबाट पुगेको वा पुग्न सक्ने जोखिम (Risk) समेतका आधारमा सजाय निर्धारण गर्ने प्रयोजनका लागि लागूऔषध सम्बन्धी कसूरलाई ३ वटासम्म कसूरको वर्ग (Offence Category) मा वर्गीकरण गरी प्रत्येक वर्गको कसूरमा निर्धारण गर्न सकिने सजायको अधिकतम् तथा न्यूनतम् सजायको दायरा निर्धारण गरिएको छ।
- लागू औषध सम्बन्धी कसूरमा कसूरदारको सम्लग्नता र भूमिकाका आधारमा उपयुक्त सजाय निर्धारण गर्न सकियोस् भनी कसूरको वर्ग विभाजन गर्दा कैद सजायको अवधी खप्टिने (Overlap) गरी सजायको दायरा निर्धारण गरिएको छ। (उदाहरणको लागि ऐनमा १० किलोग्रामभन्दा माथि गाँजा उत्पादन, तयारी, खरीद, बिक्रि, वितरण, निकासी वा पैठारी, ओसारपसार तथा सञ्चय गर्ने सम्बन्धी कसूर गर्ने कसूरदारलाई २ वर्षदेखि १० वर्षसम्म कैद सजाय हुने व्यवस्था रहेको छ। यसै सामान्य मार्गदर्शनको भाग-१ मा उक्त कसूरको वर्ग विभाजन गरी कैद सजायको दायरा निर्धारण गर्दा क वर्गको कसूरमा कैद सजायको दायरा ६ वर्षदेखि १० वर्षसम्म, ख वर्गको कसूरमा कैद सजायको दायरा ४ वर्षदेखि ८ वर्षसम्म र ग वर्गको कसूरमा कैद सजायको दायरा २ वर्षदेखि ६ वर्षसम्म हुने गरी कायम गरिएको छ।)
- ऐनले अधिकतम् तथा न्यूनतम् सजायको व्यवस्था गरेको तथा कसूरको वर्गमा वर्गीकरण गरिएको प्रत्येक कसूर सम्बन्धी मुद्दामा विद्यमान कसूरको गम्भीरता बढाउने तथा घटाउने अवस्थाका आधारमा उपयुक्त सजाय निर्धारणको लागि आधार विन्दु (Base point) निर्धारण गरिएको छ।
- ऐनको सम्बन्धित दफामा भएको सजायको दायरा तथा कसूरको वर्गमा तय गरिएको सजायको दायराको सामान्यतयाः मध्यविन्दुलाई कैद सजायको आधार विन्दु निर्धारण गरिएको छ।
  (उदाहरणको लागि १० देखि १५ वर्षसम्म कैदको सजायको व्यवस्था भएको कसूरमा सजाय निर्धारणको आधार विन्दु १२ वर्ष ६ महिना कायम गरिएको)
- अपराध संहिताको दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने अवस्था मुद्दामा विद्यमान भएमा सजायको आधार विन्दुबाट कसूरको वर्गमा उल्लिखित अधिकतम् सजायको हदमा नबढ्ने गरी बढाउन सकिने गरी तथा अपराध संहिताको दफा ३९ बमोजिम कसूरको गम्भीरता घटाउने अवस्था मुद्दामा विद्यमान भएमा सजायको आधार विन्दुबाट ऐनमा उल्लिखित न्यूनतम् सजायको हदमा नघट्ने गरी सजायको मात्रा घटाउन सकिने गरी सजाय निर्धारण गर्ने विधि तय गरिएको छ।
- यस सामान्य मार्गदर्शनमा सजाय निर्धारण गर्ने प्रयोजनको लागि सम्बद्ध कानूनहरुमा रहेका सम्बन्धित व्यवस्थाहरुलाई समग्रमा मध्यनजर गरी लागूऔषध सम्बन्धी कसूरमा कसूरदारलाई ऐन, अपराध संहिता र प्रचलित कानून बमोजिम हुन सक्ने थप सजायलाई समेत समावेश गरिएको छ।

- ऐनको दफा १४ मा कसूरदारलाई अपराधको मात्राका आधारमा सजाय गर्नु पर्ने व्यवस्था भएको र सोही दफाको उपदफा (१) को स्पष्टिकरण खण्डमा "अपराधको मात्रा" को परिभाषा दिइएको सन्दर्भमा त्यस्तो अपराधको मात्रा बढाउने वा घटाउने अवस्थाहरु अपराध संहिताको दफा ३८ र दफा ३९ मा दिइएका कसूरको गम्भीरता बढाउने र घटाउने अवस्थाकै समरुपको देखिएकोले ती अवस्थाहरुलाई कसूरको गम्भीरता बढाउने तथा घटाउने अवस्थाको रुपमा विश्लेषण गर्न सकिने गरी यसै सामान्य मार्गदर्शनको पाँचौ चरणमा थप गरिएको छ।
- सजाय निर्धारणलाई सहज, वस्तुपरक र एकरुपतापूर्ण बनाउन सजाय निर्धारण सम्बन्धी १५ वटा चरणहरु निर्धारण गरिएको छ। यस सामान्य मार्गदर्शनको भाग- १ मा सजाय निर्धारण सम्बन्धी सबै १५ वटै चरणहरुमा गर्नु पर्ने कार्य र सोको आधारहरु उल्लेख गरिएको छ। तर अन्य भागहरुमा भने सबै चरणमा गर्नु पर्ने कार्यहरुको पुनर्लेखन नगरी सम्बन्धित कसूरमा आकर्षित हुने चरणहरु भाग -१ मा उल्लेख भए बमोजिम गर्ने गरी उल्लेख गरिएको छ। भाग -१ मा उल्लेख गरेको भन्दा पृथक व्यवस्था गर्नु परेकोमा भने सम्बन्धित भागमा छुट्टै व्यवस्था गरिएको छ।
- यस सामान्य मार्गदर्शनमा सजाय निर्धारणको क्रममा गर्नु पर्ने कार्यहरुलाई १५ वटा चरणको तर्कसङ्गत क्रम तय गरिएको भए तापनि कसूरको प्रकृतिका आधारमा यसै मार्गदर्शनमा तय गरिएको क्रमलाई आवश्यकता अनुसार परिवर्तन गरी प्रयोग गर्न सकिनेछ।
- कुनै कसूरदारलाई सजाय निर्धारण गर्नु अघि सजायपूर्वको प्रतिवेदन माग गर्ने आदेश भएकोमा सजाय निर्धारण ऐनको दफा १२, सजाय निर्धारण नियमावलीको नियम ४ तथा वालवालिका सम्बन्धी कानून समेतका आधारमा सरकारी वकिल वा कसूरदारको कानून व्यवसायीले सजायपूर्वको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था रहेको छ । त्यसरी पेश भएको प्रतिवेदनका सम्बन्धमा सरकारी वकिल वा कसूरदारको कानून व्यवसायी वा कसूरदार वा कसूरदार वालवालिकाको हकमा निजको संरक्षकले लिखित राय पेश गरेमा त्यस्तो प्रतिवेदन तथा लिखित रायलाई अवस्था अनुसार यसै सामान्य मार्गदर्शनको तेस्रो, चौथो, छैठौं, सातौं, आठौं, बाहौं, तेहौं र चौधौं चरणमा विचार गर्न सकिनेछ।
- अपराध संहिताको भाग-१, परिच्छेद-३ मा उल्लिखित कसूरको गम्भीरता बढाउने तथा घटाउने सबै अवस्थाहरु लागू औषध सम्बन्धी प्रत्येक कसूरमा समान रुपमा सान्दर्भीक नहुने हुँदा सम्बन्धित कसूरको प्रकृतिलाई मध्यनजर गरी गम्भीरता बढाउने तथा घटाउने सान्दर्भीक अवस्थाहरुमात्र त्यस्तो कसूरसँग सम्बन्धित भागमा उल्लेख गरिएको छ।
- ऐनको दफा १७ ले लागू औषध सम्बन्धी कसूरको षडयन्त्र गर्ने वा उद्योग गर्ने, दुरुत्साहन दिने वा मतियार हुने कसूरजन्य कार्यलाई अपराधीकरण गरी त्यस्तो कसूरको कसूरदारलाई छुट्टै सजायको व्यवस्था गरेको हुँदा उल्लिखित कसूरको अपराधीकरण तथा सजायको सम्बन्धमा अपराध संहिताको भाग-१, परिच्छेद-३ को सामान्य प्रावधान सम्बन्धी व्यवस्था लागू नहुने।
- यो सामान्य मार्गदर्शन अधिकतम् र न्यूनतम् सजायको व्यवस्था भएको लागूऔषध सम्बन्धी जघन्य तथा गम्भीर कसूर गर्ने कसूरदारलाई उपयुक्त सजाय निर्धारण गर्ने प्रयोजनका लागि जारी गरिएको भए तापनि यस मार्गदर्शनका विभिन्न चरणहरु जन्मकैदको निश्चित सजाय हुने तथा ३ वर्षसम्म कैद तथा रु. ३० हजारसम्म जरिबाना हुने लागूऔषध सम्बन्धी कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्नको लागि समेत मार्गदर्शक रहनेछ।
- मुद्दाको तथ्य, कसूरदार एवम् पीडितको अवस्था र परिस्थितिलाई मध्यनजर गर्दा यस सामान्य मार्गदर्शनको कुनै चरण अवलम्वन गर्न नसकिने वा त्यस्तो चरणको अवलम्बन गर्नु न्यायको रोहमा उपयुक्त नहुने भएमा फैसलामा सोको कारण खुलाई यस मार्गदर्शनको कुनै चरण अवलम्वन नगरी सजाय निर्धारण गर्न बाधा पर्ने छैन।

## परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस सामान्य मार्गदर्शनमा,-

(क) "कसूरदार" भन्नाले लागू औषध सम्बन्धी मुद्दामा कसूरदार ठहर भएको प्रतिवादी सम्झनु पर्छ।

(ख) "कसूरको वर्ग" भन्नाले लागू औषध सम्बन्धी मुद्दामा कसूरदारलाई सजाय निर्धारण गर्ने प्रयोजनका लागि कसूरको गम्भीरता, कसूरदारको दोषिपना (Culpability) र कसूरबाट भएको वा हुनसक्ने जोखिम (Risk) समेतका आधारमा वर्गीकरण गरिएको कसूरको वर्ग सम्झनु पर्छ।

(ग) "प्राकृतिक वा कृत्रिम लागू औषध" भन्नाले भन्नाले नेपाल सरकारले नेपाल राजपत्र खण्ड ४४, सङ्ख्या ५ मिति २०५१।२।२ मा सूचना प्रकाशन गरी तोकि दिएको देहायको लागू औषधलाई सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको लागू औषधलाई समेत जनाउँनेछ:-

१. गाँजा, भाङ वा चरेश तथा यसबाट निस्केका खोटो र यस सम्बन्धी सार मुख्य तत्वहरु।
Cannabis or hemp, its tincture, resin, extract and its active principles.

२. अफिम र यसबाट निस्केका सार तत्व लगायतका मुख्य तत्वहरु।
Opium, its salts derivatives and its active principles.

३. कोकिन र यसको लवण तथा यसको मूल अणुमा थप रसायनिक समूह जोडी उत्पादन गरिएका सम्बन्धित सबै रसायनहरु।
Cocaine, its salts and derivatives.

४. मार्फिन, हेरोइन वा डाएमार्फिन र यिनीहरुका लवण तथा यसको मूल अणुमा थप रासायनिक समूह जोडी उत्पादन गरिएका सम्बन्धित सबै रसायनहरु।
Morphine, Heroin or Diamorphine, their salts and derivatives.

५. इक्गोनिन र यसका लवण तथा यसको मूल अणुमा थप रासायनिक समूह जोडी उत्पादन गरिएका सम्बन्धित सबै रसायनहरु।
Ecgonine, its salts and derivatives.

६. मोरामाइड र यसका लवण तथा यसको मूल अणुमा थप रसायनिक समूह जोडी उत्पादन गरिएका सम्बन्धित सबै रसायनहरु
Moramide, its salts and derivatives.

७. मेथाडोन र यसका लवण तथा यसको मूल अणुमा थप रासायनिक समूह जोडी उत्पादन गरिएका सम्बन्धित सबै रसायनहरु।
Methadone, its salts and derivatives.

८. पेथिडिन र यसका लवणहरु
Pethidine and its salts.

९. लाइसर्जिक एसिड (एल.एस.डी) र यसका लवण तथा यसको मूल अणुमा थप रासायनिक समूह जोडी उत्पादन गरिएका प्रथम चरणका रसायनहरु।
Lysergic acid (L.S.D) its salts and first derivatives.

१०. मेथाक्वालोन यसका लवण तथा यसको मूल अणुमा थप रसायनिक समूह जोडी उत्पादन गरिएका सम्बन्धित सबै रसायनहरु।
Methaquolone, its salts and derivatives.

११. ब्रुप्रिनर्फिन र यसका लवणहरु।
Brprenorphine and its salts.

१२. कोडिन र यसका लवण तथा यसको मूल अणुमा थप रसायनिक समूह जोडी उत्पादन गरिएका प्रथम चरणका रसायनहरु।

Codeine, its salts and first derivatives ।

१३. डेक्स्ट्रोमोरामाइड र यसका लवणहरु।
Dextromoramide and its salts.

१४. डेक्स्ट्रोप्रोपोकसीफेन र यसका लवणहरु।
Dextropropoxyphen and its salts.

१५. मेप्टाजिनोल र यसका लवणहरु।
Meptazinol and its salts.

१६. पेन्टाजोसिन र यसका लवणहरु।
Pentazocine and its salts.

१७. फेन्टानिल र यसका लवण तथा यसको मूल अणुमा थप रासायनिक समूह जोडी उत्पादन गरिएका सम्बन्धित सबै रसायनहरु।
Fentanyl, its salts and derivatives.

१८. नालोरफिन र यसका लवण तथा यसको मूल अणुमा थप रासायनिक समूह जोडी उत्पादन गरिएका सम्बन्धित सबै रसायनहरु।
Nalorphine, its salts and derivatives.

१९. नालोक्सोन र यसका लवण तथा यसको मूल अणुमा थप रासायनिक समूह जोडी उत्पादन गरिएका सबै रसायनहरु।
Naloxone, its salts and derivatives.

२०. सक्रिय तत्वका रुपमा कोडिन मात्र ३ मि.ग्रा. प्रति ५ मि.लि. भएको बढीमा ६० मि.लि. को प्याक साइज बाहेकको कोडिन वा कोडिन समावेश झोल वनावटको खोकीको औषधि।
Codeine or codeine based cough syrup except cough syrup containing single codeine (active ingredient) 3mg/5ml in bottle not exceeding 60ml.

**<u>स्पष्टीकरण:</u>** माथि उल्लिखित लागू औषधिहरु औषधिस्तर नियमावली, २०४३ को नियम १० को समूह "ग" "उप समूह १" अन्तर्गत उल्लिखित प्रतिशतको मिश्रणलाई औषधि मानिने छैन।

(घ) “मनोद्विपक पदार्थ” भन्नाले नेपाल सरकारले नेपाल राजपत्र खण्ड ४४, सङ्ख्या ५ मिति २०५१।२।२ मा सूचना प्रकाशन गरी तोकिदिएको देहायको पदार्थलाई सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मनोद्विपक पदार्थलाई समेत जनाउँनेछः-

1= एम्फटामिन र यसका लवण तथा यसको मूल अणुमा थप रासायनिक समूह जोडि उत्पादन गरिएका सबै रसायनहरु (Amphetamine, it’s salts and derivatives)

2= बार्बिटोन तथा यसका लवण तथा यसको मूल अणुमा थप रासायनिक समूह जोडि उत्पादन गरिएका सबै रसायनहरु(Barbitone, it’s salts and derivatives)

3= नाइट्राजेपाम (Nitrazepam)

4= लोराजेपाम (Lorazepam)

5= अक्साजेपाम (Oxazepam)

6= टिमाजेपाम (Temazepam)

7= डाइजेपाम (Diazepam)

8= क्लोरडाइजीपोक्साइड (Chlordiazepoxide)

9= क्लोनाजेपाम (Clonazepam)

(ङ) “कैद सजायको आधार विन्दु” भन्नाले लागू औषध सम्बन्धी मुद्दामा कसूरदारलाई सजाय निर्धारण गर्दा मुद्दामा कसूरको गम्भीरता बढाउने अवस्था विद्यमान भएमा सजाय बढाउने र कसूरको गम्भीरता घटाउने

अवस्था विद्यमान भएमा सजाय घटाउने प्रयोजनका लागि हुन सक्ने कैद सजायको दायराका आधारमा निर्धारण गरिएको कैद सजायको सुरुवाती बिन्दु (Starting point) सम्झनु पर्छ।

(च) “सजायको दायरा” भन्नाले कसूरको वर्ग निर्धारण गरिएको लागूऔषध सम्बन्धी कसूरको हकमा कसूरको सम्बन्धित वर्गमा तोकिएको तल्लो र माथिल्लो सजायको फासला र कसूरको वर्ग निर्धारण नगरिएको कसूरको हकमा ऐनको सम्बन्धित दफामा तोकिएको तल्लो र माथिल्लो सजायको फासला सम्झनु पर्छ।

## संक्षिप्त शब्द सूची

| | |
|---|---|
| अपराध संहिता- | मुलुकी अपराध (संहिता) ऐन, २०७४ |
| ऐन- | लागू औषध (नियन्त्रण) ऐन, २०३३ |
| पीडित संरक्षण ऐन- | अपराध पीडित संरक्षण ऐन, २०७५ |
| फौजदारी कार्यविधि नियमावली- | मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ |
| फौजदारी कार्यविधि संहिता- | मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ |
| सङ्गठित अपराध ऐन- | सङ्गठित अपराध निवारण ऐन, २०७० |
| सजाय निर्धारण ऐन- | फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ |
| सजाय निर्धारण नियमावली- | फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) नियमावली, २०७५ |

# विषय सूची


| भाग | कसूर | पृष्ठ |
|---|---|---|
| भाग-१ | गाँजा उत्पादन, तयारी, खरीद, बिक्रि, वितरण, निकासी वा पैठारी, ओसारपसार तथा सञ्चय सम्बन्धी कसूर | ९ |
| भाग-२ | २५ बोटभन्दा बढी अफीम वा कोकाको खेती गर्ने सम्बन्धी कसूर | १८ |
| भाग-३ | २५ ग्रामसम्मको अफीम, कोका वा कोकाको पात वा सोबाट बनेको लागू औषधको उत्पादन, निर्माण, तयारी, बिक्रि, वितरण, निकासी वा पैठारी, खरीद, सञ्चय, राख्ने वा ओसारपसार गर्ने सम्बन्धी कसूर। | २१ |
| भाग-४ | २५ ग्रामदेखि १०० ग्रामसम्मको अफीम, कोका वा कोकाको पात वा सोबाट बनेको लागू औषधको उत्पादन, निर्माण, तयारी, बिक्रि, वितरण, निकासी वा पैठारी, खरीद, सञ्चय, राख्ने वा ओसारपसार गर्ने सम्बन्धी कसूर। | २३ |
| भाग-५ | १०० ग्रामभन्दा बढी अफीम, कोका वा कोकाको पात वा सोबाट बनेको लागू औषधको उत्पादन, निर्माण, तयारी, बिक्रि, वितरण, निकासी वा पैठारी, खरीद, सञ्चय, राख्ने वा ओसारपसार गर्ने सम्बन्धी कसूर । | २५ |
| भाग-६ | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकि दिएका प्राकृतिक वा कृत्रिम लागू औषध तथा मनोद्विपक पदार्थ वा तिनको लवण र अन्य पदार्थ समेतको दुर्व्यवसन गर्ने बाहेकको अन्य निषेधित कार्य गर्ने सम्बन्धी कसूर | २८ |
| भाग-७ | लागू औषध सम्बन्धी कसूर गर्न घरजग्गा वा सवारी साधन प्रयोग गर्न अनुमति दिने सम्बन्धी कसूर। | ३२ |
| भाग-८ | लागू औषध सम्बन्धी कसूर गर्न दुरुत्साहन दिने, षडयन्त्र गर्ने, उद्योग गर्ने वा मतियार हुने सम्बन्धी कसूर। | ३५ |

**भाग -१**

**कसूरः** गाँजा उत्पादन, तयारी, खरीद, बिक्रि, वितरण, निकासी वा पैठारी, ओसारपसार तथा सञ्चय सम्बन्धी कसूर

**सम्बद्ध कानूनः** लागू औषध (नियन्त्रण) ऐन, २०३३

| दफा/उपदफा/खण्ड | कसूर | सजाय |
|---|---|---|
| ४ (क)<br>१४ (१) (घ) (५) | १० किलोग्रामभन्दा माथि गाँजा उत्पादन, तयारी, खरीद, बिक्रि, वितरण, निकासी वा पैठारी, ओसारपसार तथा सञ्चय गर्ने सम्बन्धी कसूर | २ वर्षदेखि १० वर्षसम्म कैद र रु. १५ हजारदेखि १ लाखसम्म जरिबाना |

**पहिलो चरणः** **(कसूरको वर्ग यकीन गर्ने)** कसूरदारलाई हुने कैद र जरिबानाको माथिल्लो तथा तल्लो हदको व्यवस्था भएको र सजायको दायरा फराकिलो भएको हुँदा कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम समेतका आधारमा उपयुक्त सजाय निर्धारण गर्न यस कसूरलाई देहाय बमोजिम ३ वर्गमा वर्गीकरण गर्न सकिने हुँदा कसूरदारको कसूर कुन वर्गमा पर्ने हो यकिन गर्ने। कसूरको वर्ग विभाजन गर्ने आधारहरुको केही दृष्टान्त तालिकामा उल्लेख गरिएको छ।

| कसूरको वर्ग | कसूर | कैद सजायको दायरा (Range) |
|---|---|---|
| क | ▪ १५० किलोग्रामभन्दा माथि चरेश/३०० किलोग्रामभन्दा माथि गाँजा उत्पादन, तयारी, खरीद, बिक्रि, वितरण, निकासी वा पैठारी, ओसारपसार तथा सञ्चय गर्ने,<br>▪ एकै वारदातमा एकभन्दा बढी कसूर गरेको, वा<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम वा लागू औषधको प्राकृतिक वा प्रशोधन गरिएको स्वरुप र मात्रा समेतका आधारमा यस वर्गमा वर्गीकरण गर्न उपयुक्त हुने कसूर। | ६ वर्षदेखि १० वर्षसम्म कैद |
| ख | ▪ ५० देखि १५० किलोग्रामसम्म चरेश/१०० देखि ३०० किलोग्रामसम्म गाँजा उत्पादन, तयारी, खरीद, बिक्रि, वितरण, निकासी वा पैठारी, ओसारपसार तथा सञ्चय गर्ने, वा<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम वा लागू औषधको प्राकृतिक वा प्रशोधन गरिएको स्वरुप र मात्रा समेतका आधारमा यस वर्गमा वर्गीकरण गर्न उपयुक्त हुने कसूर। | ४ वर्षदेखि ८ वर्षसम्म कैद |
| ग | ▪ १० देखि ५० किलोग्रामसम्म चरेश/ १० देखि १०० किलोग्रामसम्म गाँजा उत्पादन, तयारी, खरीद, बिक्रि, वितरण, निकासी वा पैठारी, ओसारपसार तथा सञ्चय गर्ने, वा<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम वा लागू औषधको प्राकृतिक वा प्रशोधन गरिएको स्वरुप र मात्रा समेतका आधारमा क वा ख वर्गमा वर्गीकरण गर्न उपयुक्त | २ वर्षदेखि ६ वर्षसम्म कैद |

| | | |
|---|---|---|
| | हुने कसूर। | |

**दोस्रो चरणः** (कैद सजायको आधार विन्दु यकिन गर्ने) प्रथम चरणमा यकिन गरिएको कसूरको वर्ग र सजायको दायराका आधारमा कसूरदारलाई कैद सजाय निर्धारण गर्न देहाय बमोजिम कैद सजायको आधार विन्दु यकिन गर्ने।

| **कसूरको वर्ग** | **कसूर** | **कैद सजायको आधार विन्दु** | **कैद सजायको श्रेणी (Range)** |
|---|---|---|---|
| क | ▪ १५० किलोग्रामभन्दा माथि चरेश/३०० किलोग्रामभन्दा माथि गाँजा उत्पादन, तयारी, खरीद, बिक्रि, वितरण, निकासी वा पैठारी, ओसारपसार तथा सञ्चय गर्ने,<br>▪ एकै वारदातमा एकभन्दा बढी कसूर गरेको, वा<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम वा लागू औषधको प्राकृतिक वा प्रशोधन गरिएको स्वरुप र मात्रा समेतका आधारमा यस वर्गमा वर्गीकरण गर्न उपयुक्त हुने कसूर। | ८ वर्ष | ६ वर्षदेखि १० वर्षसम्म कैद |
| ख | ▪ ५० देखि १५० किलोग्रामसम्म चरेश/१०० देखि ३०० किलोग्रामसम्म गाँजा उत्पादन, तयारी, खरीद, बिक्रि, वितरण, निकासी वा पैठारी, ओसारपसार तथा सञ्चय गर्ने, वा<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम वा लागू औषधको प्राकृतिक वा प्रशोधन गरिएको स्वरुप र मात्रा समेतका आधारमा यस वर्गमा वर्गीकरण गर्न उपयुक्त हुने कसूर। | ६ वर्ष | ४ वर्षदेखि ८ वर्षसम्म कैद |
| ग | ▪ १० देखि ५० किलोग्रामसम्म चरेश/ १० देखि १०० किलोग्रामसम्म गाँजा उत्पादन, तयारी, खरीद, बिक्रि, वितरण, निकासी वा पैठारी, ओसारपसार तथा सञ्चय गर्ने, वा<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम वा लागू औषधको प्राकृतिक वा प्रशोधन गरिएको स्वरुप र मात्रा समेतका आधारमा क वा ख वर्गमा वर्गीकरण गर्न उपयुक्त हुने कसूर। | ४ वर्ष | २ वर्षदेखि ६ वर्षसम्म कैद |

**तेस्रो चरणः** **(सजायको उद्देश्य विचार गर्ने)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा १३ बमोजिम देहायका कुनै वा सबै उद्देश्य विचार गर्ने।

| **सजायको उद्देश्य** |
| --- |
| ▪ कसूर गर्न कसूरदार वा अन्य व्यक्तिलाई हतोत्साहित गर्ने,<br>▪ समाज वा समुदायलाई सुरक्षा गर्ने,<br>▪ पीडितलाई क्षतिपूर्ति सहित न्याय प्रदान गर्ने,<br>▪ कसूरदारलाई समाजमा पुनस्थापना गर्न सहयोग गर्ने वा सुधार गर्ने,<br>▪ कसूरदारलाई समाजबाट अलग राख्ने,<br>▪ कसूरदारलाई आफ्नो कार्यप्रति पश्चाताप बोध गराई पीडित व्यक्ति वा समुदायलाई हानि नोक्सानी भएको छ भन्ने कुराको अनुभूति गराउने,<br>▪ कानूनद्वारा निषेधित आचरणको निन्दा गर्ने। |

**चौथो चरणः** **(समग्रतामा सजाय निर्धारण)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा देहायका सिद्दान्तहरुको अवलम्वन गर्ने।

| **सजाय निर्धारण गर्ने आधार** |
| --- |
| सजाय निर्धारण ऐनको दफा ११ को उपदफा (२),<br>▪ दुई वा सोभन्दा बढी कामबाट कैन कसूर हुने रहेछ र त्यस्ता काम मध्ये कुनै एक काम छुट्टै कसूर हुने रहेछ भने सबैभन्दा बढी सजाय हुने कसूरमा मात्र सजाय गर्ने।<br>सजाय निर्धारण ऐनको दफा १४,<br>▪ कसूरको गम्भीरता र कसूरदारको दोषको मात्रा अनुसार सजाय समानुपातिक भन्दा बढी सजाय नगर्ने,<br>▪ सजायको उद्देश्य प्राप्त गर्न आवश्यक हुने भन्दा चर्को सजाय नगर्ने,<br>▪ उस्तै परिस्थितिमा घटेको कसूरको अर्को कसूरदारलाई पहिले दिइएको सजायसग अमिल्दो वा असमान सजाय हुन नहुने गरी सजाय निर्धारण गर्ने।<br>▪ एकभन्दा बढी कसूरको लागि सजाय गर्दा वा कुनै कसूरमा सजाय भोगी रहेको कसूरदारलाई अर्को कसूर बापत सजाय गर्दा समग्र सजाय उचित र समानुपातिकभन्दा बढी हुन नहुने गरी सजाय निर्धारण गर्ने।<br>▪ कसूरको अनुपातमा अन्य सजाय नै पर्याप्त हुने देखिएमा कैद सजाय नगर्ने।<br>सजाय निर्धारण ऐनको दफा १५ बमोजिम देहायका कुरालाई आधार लिनेः-<br>▪ कसूरको गम्भीरता र कसूरदारको दोषको मात्रा,<br>▪ कसूर गर्दाको परिस्थिति,<br>▪ कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्थाहरु,<br>▪ कसूरदारको आचरण र विगतको कृयाकलाप,<br>▪ जघन्य वा गम्भीर प्रकृतिका कसूर गर्ने कसूरदारलाई कैद सजाय,<br>▪ समाज वा समुदायलाई खतरा हुने कसूरदारलाई कैद सजाय,<br>▪ कुनै सरकारी कार्यालय वा सार्वजनिक वा सङ्गठित संस्थाको पद वा ओहदामा बहाल रही त्यस्तो पद वा ओहोदाको दुरुपयोग गरी कसूर गर्ने कसूरदारलाई त्यस्तो कसूरमा हुने सजायको डेढी सजाय। |

**पाँचौ चरणः** **(कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्था विश्लेषण गर्ने)** यस कसूरको कसूरदारलाई सजाय निर्धारण गर्दा अपराध सहिताको दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने तथा दफा ३९ बमोजिम कसूरको गम्भीरता घटाउने विद्यमान अवस्थाहरुको विश्लेषण गर्ने।

| **कसूरको गम्भीरता बढाउने अवस्था** | **कसूरको गम्भीरता घटाउने अवस्था** |
|---|---|
| ▪ विश्वासको दुरुपयोग गरी कसूर गरेको,<br>▪ कुनै सार्वजनिक पदको लाभ उठाई वा दुरुपयोग गरी कसूर गरेको,<br>▪ कुनै सरकारी कार्यालय, सार्वजनिक कार्यालय वा धार्मिक स्थलमा कसूर गरेको,<br>▪ पाँच वा पाँचभन्दा बढी व्यक्तिहरु समूहमा आवद्ध भई कसूर गरेको,<br>▪ सार्वजनिक शान्ति खलबलिएको, बाढी, पहिरो, भूकम्प वा त्यस्तै प्रकृतिको दैवी प्रकोप भएको महामारी फैलिएको, अनिकाल परेको वा त्यस्तै किसिमको अन्य कुनै सङ्कटको लाभ लिई कसूर गरेको,<br>▪ हातहतियार वा विषालु वा विष्फोटक पदार्थ साथमा लिई वा प्रयोग गरी वा विद्युत प्रवाह गरी वा विद्युतीय उपकरण प्रयोग गरी कसूर गरेको वा हातहतियार वा विषालु वा विष्फोटक पदार्थ लिएको मानिसको मद्दतबाट कसूर गरेको,<br>▪ एक पटक कैद सजाय पाएको कसूरदारले पुनः कसूर गरेको,<br>▪ कुनै पारितोषिक वा आश्वासन वा लाभको प्रलोभन पाउन कसूर गरेको,<br>▪ आफ्नो संरक्षण वा नियन्त्रणमा रहेको व्यक्तिलाई प्रयोग गरी कसूर गरेको,<br>▪ एकै वारदातमा एकभन्दा बढी कसूर गरेको,<br>▪ कसैलाई अपहरण गरी वा शरीर बन्धक लिई कसूर गरेको,<br>▪ थुना, हिरासत, कैद वा नियन्त्रणमा रहेको व्यक्तिलाई प्रयोग गरी कसूर गरेको,<br>▪ नियोजित वा सङ्गठित रुपमा कसूर गरेको,<br>▪ पचहत्तर वर्षमाथिको वृद्धावस्था वा शारीरिक वा मानसिक अस्वस्थताले गर्दा होस ठेगानमा नरहेको वा अपाङ्गताको कारणले आफ्नो बचाउ गर्न सक्ने स्थितिमा नभएको व्यक्ति वा बालबालिकालाई प्रयोग गरी कसूर गरेको,<br>▪ सवारी साधन, विमान दुर्घटना वा प्राकृतिक प्रकोप पर्दा उद्धार गर्ने काममा खटिँदा कसूर गरेको,<br>▪ लागू औषधको प्रकृति र परिमाण,<br>▪ कसूरको उद्देश्य,<br>▪ हातहतियार वा बल प्रयोग गरी कसूर गरेको,<br>▪ गिरोह वा सङ्गठनमा आवद्ध भई वा सोको लागि कसूर गरेको,<br>▪ शैक्षिक सामाजिक र सास्कृतिक सङ्गठन जस्ता सस्थालाई माध्याम बनाई वा प्रयोग गरी कसूर गरेको, | ▪ कसूरदारको उमेर अठार वर्षभन्दा कम वा पचहत्तर वर्षभन्दा माथि भएको,<br>▪ कसूरदारले स्वेच्छाले कसूर स्वीकार गरेको वा त्यस्तो कसूर गरे बापत पश्चाताप गरेको,<br>▪ कसूरदारले सम्बन्धित अधिकारी समक्ष आत्मसर्मपण गरेको,<br>▪ शारीरिक, मानसिक तथा अपाङ्गताको कारणले गर्दा कसूरदारको क्षमता ह्रास भएको,<br>▪ अदालतमा साँचो कुरा व्यक्त गरी न्यायिक प्रकृयामा सहयोग पुर्याएको,<br>▪ कसूर स्वीकार गरी भविष्यमा फौजदारी कसूर नगर्ने प्रतिवद्धता व्यक्त गरेको,<br>▪ कसैको बहकाउ वा दवावमा अपराध गरेको,<br>▪ लागू औषधको प्रकृति र परिमाण,<br>▪ कसूरको उद्देश्य, वा<br>▪ कसूरदारको उमेर, लैङ्गिक स्थिति, व्यक्तिगत, सामाजिक साँस्कृतिक पृष्ठभूमि, कसूर गर्दाको परिस्थिति, कसूर गर्नु |

| | |
|---|---|
| ▪ कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले पद वा ओहोदाको दुरुपयोग गरी कसूर गरेको, वा<br>▪ कसूरदारको उमेर, लैङ्गिक स्थिति, व्यक्तिगत, सामाजिक साँस्कृतिक पृष्ठभूमि, कसूर गर्दाको परिस्थिति, कसूर गर्नु अघिको चालचलन लगायतका तर्कसङ्गत रुपमा देखिएका अन्य कुरा। | अघिको चालचलन लगायतका तर्कसङ्गत रुपमा देखिएका अन्य कुरा। |

**छैठौं चरणः** **(कैद यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति कैदको सजाय हुने हो यकिन गर्ने।

**सातौं चरणः** **(जरिबाना यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति जरिबाना हुने हो यकिन गर्ने।

- मुद्दामा प्रतिवादीलाई हुने सजाय निर्धारण ऐनको दफा १८ बमोजिम जरिबाना यकीन गर्दा देहाय बमोजिम हुने गरी गर्ने।

| **जरिबाना निर्धारण गर्ने आधार** |
|---|
| ▪ कसूर र जरिबानाको अधिकतम्र न्यूनतम् हद विचार गरी निर्धारण गर्नु पर्ने,<br>▪ जरिबाना निर्धारण गर्दा देहायका कुराहरु समेतलाई विचार गर्नु पर्नेः–<br>▪ कसूरदारको आर्थिक हैसियत र आय आर्जन क्षमता,<br>▪ कसूरदारले गरेको कसूरको कारणबाट अरु व्यक्तिलाई हुन गएको आर्थिक हानी नोक्सानी,<br>▪ कसूरदारले गरेको कसूरको कारणबाट कसूरदार वा निजको परिवारले प्राप्त गरेको लाभ,<br>▪ जरिबानाबाट कसूरदारले पालन पोषण गर्नु पर्ने परिवारलाई पर्ने असर,<br>▪ विगो खुलेकोमा विगो रकम,<br>▪ कसूरदार सङ्गठित संस्था भएमा त्यस्तो संस्थाको आर्थिक हैसियत र कारोबार,<br>▪ दफा ४८ बमोजिमको पीडित राहत कोषमा रकम जम्मा गराउनु पर्ने भए त्यस्तो रकम ।<br>▪ जरिबाना निर्धारण गर्दा विगो खुलेकोमा विगोको आधारमा जरिबाना निर्धारण गर्नु पर्ने। |

**आठौं चरणः** **(थप सजाय हुने भए निर्धारण गर्ने)** यस कसूरका कसूरदारलाई देहाय बमोजिम थप सजाय हुन सक्ने अवस्था भए थप सजाय निर्धारण गर्ने।

| **थप सजाय हुन सक्ने अवस्था** |
|---|
| अपराध संहिताको,<br>▪ दफा ४३ बमोजिम एउटै वारदातमा एकभन्दा बढी कसूर गरेको वा भिन्न भिन्न वारदातमा भिन्न भिन्न कसूर गरेको अवस्था भएमा डेढी सजाय हुने।<br>▪ दफा १९७ को उपदफा (३) बमोजिम यो कसूर गर्न सजिलो पार्ने नियतले बेहोस पार्ने कार्य भएको र त्यस्तो कसूर भइसकेको रहेछ भने त्यस्तो कसूर बापत १ वर्षसम्म कैद र रु १० हजारसम्म जरिबाना सजाय थप हुने।<br>▪ दफा २१४ को उपदफा (२) बमोजिम कसैले अपहरण गरी वा शरीर बन्धक लिई वा अपहरण गरी शरीर बन्धक लिई यो कसूर गरेको रहेछ भने निजलाई यस कसूर बापतको सजायमा दफा २१४ को उपदफा (१) बमोजिमको सजाय थप हुने।<br>ऐनको,<br>▪ दफा १६ बमोजिम ऐन अन्तर्गत एकपटक सजाय पाइसकेको व्यक्तिले पुनः ऐन अन्तर्गतको कसूर गरेमा पछिल्लो प्रत्येक पटकको निमित्त सजायमा थप ५ वर्षसम्म कैद र रु. १ लाखसम्म जरिबाना हुने।<br>सङ्गठित अपराध ऐनको,<br>▪ दफा ९ को उपदफा (१) को खण्ड (क) बमोजिम यो कसूर सङ्गठित रुपमा गरेको भएमा |

| |
|---|
| प्रचलित कानून बमोजिम हुने सजायको अतिरिक्त ५० प्रतिशत थप सजाय हुने। |

- यस सामान्य मार्गदर्शनमा सजाय निर्धारणको क्रममा गर्नु पर्ने कार्यहरुलाई १५ वटा चरणको तर्कसङ्गत क्रम तय गरिएको भए तापनि कसूरको प्रकृतिका आधारमा यसै मार्गदर्शनमा तय गरिएको क्रमलाई आवश्यकता अनुसार परिवर्तन गरी प्रयोग गर्न सकिनेछ।
- पीडित संरक्षण ऐनको दफा ११ मा सजाय निर्धारण गर्नु अघि पीडित उपस्थित भई धारणा व्यक्त गर्न चाहेमा पीडितलाई मनासिब समय प्रदान गर्नु पर्ने तथा दफा २५ मा पीडित प्रभाव प्रतिवेदन पेश गर्न सक्ने व्यवस्था भएको सन्दर्भमा पीडितले कुनै धारणा व्यक्त गरेको भए वा पीडित प्रभाव प्रतिवेदन पेश भएको भए त्यस्तो धारणा वा प्रतिवेदनलाई मार्गदर्शनको छैठौं, सातौं र बाह्रौं चरणमा विचार गर्नु पर्नेछ।

**नवौं चरणः** **(सजायमा छुट दिने)** ऐनको दफा १८ग. बमोजिम लागू औषधको कारोबारमा स्वयम सम्लग्न रहेको गिरोह वा अन्य कुनै गिरोहको बारेमा जानकारी र सुराक दिई सो सम्बन्धमा मुख्य अपराधी पत्ता लगाई दिई पक्राउ गर्न सहयोग गर्ने व्यक्तिलाई निज अपराधमा सम्लग्न भए पनि ऐन अन्तर्गत हुने सजायमा पूर्ण वा आंशिक रुपमा सजाय छुट हुने गरी अभियोगपत्र माग दावी भएमा सोही अनुसार छुट दिन सकिने व्यवस्था भएकोले कार्यविधि सहिताको दफा ३३ को उपदफा (२) को व्यवस्था लागू नहुने।

**दशौं चरणः** **(कसूरसँग सम्बन्धित सम्पत्ति वा साधन जफत)**

- ऐनको दफा १८क. बमोजिम कसूर गरी आर्जन गरेको सबै चल अचल सम्पत्ति र कसूर गर्न प्रयोग गरिएको घरजग्गा वा सवारी साधन जफत गर्ने।
- कसूरदार ठहरिएको व्यक्तिको आफ्नो वा आफ्नो परिवारको थाहा भएसम्मको आम्दानीको स्रोतको अनुपातमा नमिल्दो आर्थिक साधन वा सम्पत्ति भएमा निजले अन्यथा प्रमाणित गर्न सकेमा बाहेक निजको त्यस्तो सम्पत्ति यस ऐन विपरितको कार्य गरी आर्जन गरेको मानी त्यस्तो सम्पत्ति निजको परिवार वा अन्य कसैको नाममा राखिएको भए तापनि सो सम्पत्ति समेत जफत हुने।

**एघारौं चरणः** **(विगो निर्धारण गर्ने)** यस कसूरबाट पीडितलाई विगो भराई दिने व्यवस्था नभएको हुँदा यस कसूरका हकमा यो चरण आकर्षित नहुने।

**बाह्रौं चरणः** **(क्षतिपूर्ति तथा क्षतिपूर्ति शुल्क)**

- यस कसूरबाट पीडितलाई क्षतिपूर्ति भराई दिने व्यवस्था नभएको हुँदा यो चरण आकर्षित नहुने।
- फैसला गर्दा पीडित संरक्षण ऐनको दफा ४१ बमोजिम लाग्ने क्षतिपूर्ति शुल्क समेत निर्धारण गर्नु पर्ने।

**तेह्रौं चरणः** **(अन्य आदेश)**

- यस कसूरमा कसूरदारलाई निर्धारण भएको सजायको आधारमा सजाय निर्धारण ऐनको दफा २५ बमोजिम सुधार गृहमा पठाउन सकिने अवस्थाको कसूरदार भए कानूनको अधीनमा रही सो सम्बन्धी आदेश गर्ने।
- फौजदारी कार्यविधि संहिताको दफा १५५ वा सजाय निर्धारण ऐनको दफा २२, २४, २६ वा २७ बमोजिम आदेश हुन नसक्ने भएकोले आकर्षित नहुने।

**चौधौं चरणः** **(नैतिक पतन हुने नहुने घोषणा गर्ने)** यस कसूरको कसूरदारलाई नैतिक पतन हुने अवस्था विद्यमान भए वा नभएको सम्बन्धमा देहायका आधारमा विश्लेषण गरी नैतिक पतन हुने वा नहुने अवस्थाको घोषणा गर्ने।

- नैतिक पतन देखिने अभियोगमा सजाय पाएको मानिने कानूनी व्यवस्था (जस्तैः बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६७ को उपदफा (२) तथा लिखतहरुको गोप्यता सम्बन्धी ऐन, २०३९ को दफा १२ को उपदफा (२))

- सर्वोच्च अदालतबाट प्रतिपादित सिद्वान्त (जस्तैः ने.काप.२०३० को नि.नं. ७७४ मा डाका र खूनको अपराध सामाजिक नैतिकता विरुद्धको अपराध हुने/समाजको नैतिक मूल्य वा आदेशलाई कुनै निरपेक्ष र अपरिवर्तनीय विषयबस्तु जस्तो गरी कुनै एउटा समाजमा कायम रहेको नैतिक मूल्य वा आदर्शको आधारमा सधैं र सबै परिस्थितिका लागि नैतिक पतन देखिने फौजदारी अपराधको किटुवा सूची तयार गरी स्पष्टीकरण वा परिभाषा दिन खोज्नु उचित नहुने/ हाम्रो कानूनी व्यवस्थाले त्यस्तो अपराध छुटाउने कार्य न्यायिक विवेकमा छोडेको छ र न्यायकर्ताले पनि विषय र सन्दर्भलाई विचार गरेर मात्र त्यस सम्बन्धमा कुनै निष्कर्षमा पुग्नु पर्ने।
- ने.का.प. २०६७ निर्णय नं. ८५०७ मा महिलालाई इच्छाविपरीत अनतिक्रम्य शरीरको पवित्रताको अपहरण गरी जवरजस्ती करणी गर्नु कानून विपरीत मात्र नभई गम्भीर अपराध पनि भएकाले सभ्य मानव समाजले यस्तो कार्यलाई नैतिकताविहीन कार्य मान्दछ। यस्तो नैतिकताविपरीतको कार्यलाई नै नैतिक पतन देखिने फौजदारी अपराध मान्नुपर्ने।
- त्यसै गरी ने.काप.२०७३ को नि.नं. ९७०६ मा सामान्यतः समाजले गम्भीर एवं क्रूर मानेका सामाजिक सम्बन्ध, सौहार्दता एवं सद्भावलाई प्रतिकूल असर पार्ने र मनसायपूर्वक गरिएका हत्या, जबरजस्ती करणी, मानव बेचबिखन, लागू औषधको कारोबार, किर्ते जालसाजी, ठगी, भ्रष्टाचार, अपहरण, जबरजस्ती चन्दा असुली, डाँका चोरी, खोटा चलन, कर छली, अदालती कार्यमा हस्तक्षेप, नाबालक एवं आश्रित विरूद्धका कसूर, बहुविवाह जस्ता कसूरमा नैतिकताका प्रश्नहरू सन्निहित हुन्छन् र अपराध गर्दाको परिस्थिति, मनस्थिति, कसूरदारको व्यवहार र पीडित एवं समाजउपर परेको असर हेरी सोही मुद्दा वा अन्य मुद्दाको परिप्रेक्ष्यमा नैतिक पतन देखिने अपराध हो वा होइन भनी यकिन गर्न सकिने हुन्छ।)

**पन्ध्रौं चरणः** **(आधार र कारण सहितको फैसला)** फौजदारी कार्यविधि संहिताको दफा १३१ र सजाय निर्धारण ऐनको दफा १७ मा अदालतको फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु उल्लेख भएको सन्दर्भमा यसै मार्गदर्शन बमोजिम निर्धारण गरिएको सजाय र सान्दर्भीक कुराहरुलाई समेत सिलसिलेवार रुपमा प्रष्ट खुलाई फैसला वा आदेश तयार गर्नु पर्ने।

| **फौजदारी कार्यविधि संहिताको दफा १३१** | **सजाय निर्धारण ऐनको दफा १७** |
|---|---|
| ▪ मुद्दाको संक्षिप्त विवरण तथा सोसँग सम्बन्धित आवश्यक कुरा,<br>▪ मुद्दामा कुनै कानून व्यवसायीले बहस गरेको भए त्यस्तो बहसको मुख्य मुख्य बुँदा,<br>▪ मुद्दाका पक्षहरुले पेश गरेको प्रमाण, ती प्रमाणको विश्वसनियता वा खण्डनीय, त्यसको आधार, प्रमाणको पर्याप्तता वा अपर्याप्तता,<br>▪ मुद्दामा कुनै पक्षले कुनै | ▪ सजाय गर्नु पर्ने कारण,<br>▪ जरिबानाको सजाय निर्धारण गर्दा कसूरदारले बुझाउनु पर्ने जरिबानाको रकम, जरिबाना बुझाउनु पर्ने मिति, किस्ताबन्दीमा बुझाउन पाउने भए त्यस्तो कुरा र जरिबाना नतिरे बापत हुन सक्ने कैद सजाय,<br>▪ कैद सजाय निर्धारण गर्दा कैदको अवधि, थुनामा रहेको मिति, कैद भुक्तान हुने मिति,<br>▪ सामुदायिक सेवा गर्ने आदेश भएकोमा सेवाको किसिम, अवधि, समय र सेवा नगरे बापत हुन सक्ने सजाय,<br>▪ सुधार गृह वा पुनस्थापना केन्द्रमा कैद सजाय भुक्तान गर्ने गरी सजाय निर्धारण गर्दा त्यस्तो गृह वा केन्द्रमा बस्नु पर्ने अवधि, पालना गर्नु पर्ने शर्त र त्यस्तो शर्त उल्लङ्घन गरे बापत हुन सक्ने सजाय, |

| | |
|---|---|
| कानूनी प्रश्न उठाएको भए त्यस सम्बन्धी कुरा,<br>▪ कसूर ठहर हुने वा नहुने आधार तथा त्यसको कारण,<br>▪ पुनरावेदन लाग्ने वा नलाग्ने र पुनरावेदन गर्नु पर्ने अदालत,<br>▪ अन्य आवश्यक कुराहरु । | ▪ कसूरदारलाई प्यारोलमा छोड्न सकिने वा नसकिने,<br>▪ कैद निलम्बन हुने भए कति अवधिसम्म निलम्बन हुने,<br>▪ ऐनको दफा १८ख १८घ र १८ङ बमोजिम उजुरी कर्ता कर्मचारी वा चिकित्सा केन्द्रलाई पुरस्कार दिने समेतका कुरा,<br>▪ अदालतले उपयुक्त ठानेको अन्य आवश्यक कुरा । |

## भाग -२

**कसूरः** २५ बोटभन्दा बढी अफीम वा कोकाको खेती गर्ने सम्बन्धी कसूर।

**सम्बद्ध कानूनः** लागू औषध (नियन्त्रण) ऐन, २०३३

| दफा/उपदफा/ खण्ड | कसूर | सजाय |
|---|---|---|
| ▪ ४(ख)<br>▪ १४(१)(च) (२) | २५ बोटभन्दा बढी अफीम वा कोकाको खेती गर्ने सम्बन्धी कसूर | ३ वर्षदेखि १० वर्षसम्म कैद र रु. २५ हजारदेखि २ लाखसम्म जरिबाना |

**पहिलो चरणः** **(कसूरको वर्ग यकीन गर्ने)** कसूरदारलाई हुने कैद र जरिबानाको माथिल्लो तथा तल्लो हदको व्यवस्था भएको र सजायको दायरा फराकिलो भएको हुँदा कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम समेतका आधारमा उपयुक्त सजाय निर्धारण गर्न यस कसूरलाई देहाय बमोजिम ३ वर्गमा वर्गीकरण गर्न सकिने हुँदा कसूरदारको कसूर कुन वर्गमा पर्ने हो यकिन गर्ने। कसूरको वर्ग विभाजन गर्ने आधारहरुको केही दृष्टान्त तालिकामा उल्लेख गरिएको छ।

| कसूरको वर्ग | कसूर | कैद सजायको श्रेणी (Range) |
|---|---|---|
| क | ▪ १००० बोटभन्दा बढी अफीम वा कोकाको खेती गर्ने,<br>▪ एकै वारदातमा एकभन्दा बढी कसूर गरेको, वा<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम समेतका आधारमा यस वर्गमा वर्गीकरण गर्न उपयुक्त हुने कसूर । | ६ देखि १० वर्षसम्म |
| ख | ▪ २०० बोटभन्दा बढी १००० बोटसम्म अफीम वा कोकाको खेती गर्ने, वा<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम समेतका आधारमा यस वर्गमा वर्गीकरण गर्न उपयुक्त हुने कसूर । | ४ वर्षदेखि ८ वर्षसम्म |
| ग | ▪ २५ बोटभन्दा बढी २०० बोटसम्म अफीम वा कोकाको खेती गर्ने, वा<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम समेतका आधारमा यस वर्गमा वर्गीकरण गर्न उपयुक्त हुने कसूर । | ३ वर्षदेखि ५ वर्षसम्म |

**दोस्रो चरणः** (कैद सजायको आधार विन्दु यकिन गर्ने) प्रथम चरणमा यकिन गरिएको कसूरको वर्ग र सजायको दायराका आधारमा कसूरदारलाई कैद सजाय निर्धारण गर्न देहाय बमोजिम कैद सजायको आधार विन्दु यकिन गर्ने।

| कसूरको वर्ग | कसूर | कैद सजायको आधार विन्दु | कैद सजायको श्रेणी (Range) |
|---|---|---|---|
| क | ▪ १००० बोटभन्दा बढी अफीम वा कोकाको खेती गर्ने, | ८ वर्ष कैद | ६ देखि १० वर्षसम्म कैद |

| | | | |
|---|---|---|---|
| | ▪ एकै वारदातमा एकभन्दा बढी कसूर गरेको, वा<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम समेतका आधारमा यस वर्गमा वर्गीकरण गर्न उपयुक्त हुने कसूर । | | |
| ख | ▪ २०० बोटभन्दा बढी १००० बोटसम्म अफीम वा कोकाको खेती गर्ने, वा<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम समेतका आधारमा यस वर्गमा वर्गीकरण गर्न उपयुक्त हुने कसूर । | ६ वर्ष कैद | ४ वर्षदेखि ८ वर्षसम्म कैद |
| | ▪ २५ बोटभन्दा बढी २०० बोटसम्म अफीम वा कोकाको खेती गर्ने, वा<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम समेतका आधारमा यस वर्गमा वर्गीकरण गर्न उपयुक्त हुने कसूर । | ४ वर्ष कैद | ३ वर्षदेखि ५ वर्षसम्म |

**तेस्रो चरणः** **(सजायको उद्देश्य विचार गर्ने)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा १३ बमोजिमका कुनै वा सबै उद्देश्य विचार गर्ने। सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने सजायको उद्देश्य यसै सामान्य मार्गदर्शनको भाग-१ को तेस्रो चरणमा दिइएको छ।

**चौथो चरणः** **(समग्रतामा सजाय निर्धारण)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा ११ को उपदफा (२), दफा १४ र दफा १५ बमोजिमका आधारमा गर्ने। सजाय निर्धारण गर्दा लिनु पर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को चौथो चरणमा दिइएको छ।

**पाँचौ चरणः** **(कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्था विश्लेषण गर्ने)** यस कसूरको कसूरदारलाई सजाय निर्धारण गर्दा अपराध संहिताको दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने तथा दफा ३९ बमोजिम कसूरको गम्भीरता घटाउने विद्यमान अवस्थाहरुको विश्लेषण गर्ने। कसूरको गम्भीरता बढाउने तथा कसूरको गम्भीरता घटाउने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को पाँचौं चरणमा दिइएको छ।

**छैठौं चरणः** **(कैद यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति कैदको सजाय हुने हो यकिन गर्ने।

**सातौं चरणः** **(जरिबाना यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति जरिबाना हुने हो यकिन गर्ने। कसूरदारलाई जरिबानाको सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को सातौं चरणमा दिइएको छ।

**आठौं चरणः** **(थप सजाय हुने भए निर्धारण गर्ने)** यस कसूरका कसूरदारलाई थप सजाय हुन सक्ने अवस्था भए थप सजाय निर्धारण गर्ने। कसूरदारलाई थप सजाय हुन सक्ने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को आठौं चरणमा दिइएको छ।

**नवौं चरणः** **(सजायमा छुट दिने)** ऐनको दफा १८ग. बमोजिम लागू औषधको कारोबारमा स्वयम सम्लग्न रहेको गिरोह वा अन्य कुनै गिरोहको बारेमा जानकारी र सुराक दिई सो सम्बन्धमा मुख्य अपराधी पत्ता लगाई दिई पक्राउ गर्न सहयोग गर्ने व्यक्तिलाई निज अपराधमा सम्लग्न भए पनि ऐन अन्तर्गत हुने सजायमा पूर्ण वा आंशिक रुपमा सजाय छुट हुने गरी अभियोगपत्र माग दावी भएमा सोही अनुसार छुट दिन सकिने व्यवस्था

भएकोले फौजदारी कार्यविधि नियमावलीको नियम १९ बमोजिम कसूरदारलाई हुने सजाय किटान गरी अभियोग दावी लिए बमोजिमको सजायमा छुट दिई सजाय निर्धारण गर्ने।

**दशौं चरणः** **(कसूरसँग सम्बन्धित सम्पत्ति वा साधन जफत)**

- ऐनको दफा १८क. बमोजिम कसूर गरी आर्जन गरेको सबै चल अचल सम्पत्ति र कसूर गर्न प्रयोग गरिएको घरजग्गा वा सवारी साधन जफत गर्ने।
- कसूरदार ठहरिएको व्यक्तिको आफ्नो वा आफ्नो परिवारको थाहा भएसम्मको आम्दानीको स्रोतको अनुपातमा नमिल्दो आर्थिक साधन वा सम्पत्ति भएमा निजले अन्यथा प्रमाणित गर्न सकेमा बाहेक निजको त्यस्तो सम्पत्ति यस ऐन विपरितको कार्य गरी आर्जन गरेको मानी त्यस्तो सम्पत्ति निजको परिवार वा अन्य कसैको नाममा राखिएको भए तापनि सो सम्पत्ति समेत जफत हुने।

**एघारौं चरणः** **(विगो निर्धारण गर्ने)** यस कसूरबाट पीडितलाई विगो भराई दिने व्यवस्था नभएको हुँदा यस कसूरका हकमा यो चरण आकर्षित नहुने।

**बाह्रौं चरणः** **(क्षतिपूर्ति तथा क्षतिपूर्ति शुल्क)**

- यस कसूरबाट पीडितलाई क्षतिपूर्ति भराई दिने व्यवस्था नभएको हुँदा यो चरण आकर्षित नहुने।
- फैसला गर्दा पीडित संरक्षण ऐनको दफा ४१ बमोजिम लाग्ने क्षतिपूर्ति शुल्क समेत निर्धारण गर्नु पर्ने।

**तेह्रौं चरणः** **(अन्य आदेश)** यस कसूरमा कसूरदारलाई फौजदारी कार्यविधि संहिताको दफा १५५ वा सजाय निर्धारण ऐनको दफा २२,२४,२५,२६ वा २७ बमोजिम आदेश हुन नसक्ने भएकोले यो चरण आकर्षित नहुने।

**चौधौं चरणः** **(नैतिक पतन हुने नहुने घोषणा गर्ने)** यस कसूरको कसूरदारलाई नैतिक पतन हुने अवस्था विद्यमान भए वा नभएको सम्बन्धमा विश्लेषण गरी नैतिक पतन हुने वा नहुने अवस्थाको घोषणा गर्ने। नैतिक पतन हुने वा नहुने अवस्थाको विश्लेषण गर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को चौधौं चरणमा दिइएको छ।

**पन्ध्रौं चरणः** **(आधार र कारण सहितको फैसला)** फौजदारी कार्यविधि संहिताको दफा १३१ र सजाय निर्धारण ऐनको दफा १७ मा अदालतको फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु उल्लेख भएको सन्दर्भमा यसै मार्गदर्शन बमोजिम निर्धारण गरिएको सजाय र सान्दर्भीक कुराहरुलाई समेत सिलसिलेवार रुपमा प्रष्ट खुलाई फैसला वा आदेश तयार गर्नु पर्ने। फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को पन्ध्रौं चरणमा दिइएको छ।

## भाग -३

**कसूरः** २५ ग्रामसम्मको अफीम, कोका वा कोकाको पात वा सोबाट बनेको लागू औषधको उत्पादन, निर्माण, तयारी, बिक्रि, वितरण, निकासी वा पैठारी, खरीद, सञ्चय, राख्ने वा ओसारपसार गर्ने सम्बन्धी कसूर।

**सम्बद्ध कानूनः** लागू औषध (नियन्त्रण) ऐन, २०३३

| दफा/उपदफा/खण्ड | कसूर | सजाय |
|---|---|---|
| ▪ ४(ख) (ग) (घ) (ङ) (च)<br>▪ १४(१)(छ) (१) | २५ ग्रामसम्मको अफीम, कोका वा कोकाको पात वा सोबाट बनेको लागू औषधको उत्पादन, निर्माण, तयारी, बिक्रि, वितरण, निकासी वा पैठारी, खरीद, सञ्चय, राख्ने वा ओसारपसार गर्ने सम्बन्धी कसूर | ५ वर्षदेखि १० वर्षसम्म कैद र रु. ५ हजारदेखि २५ हजारसम्म जरिबाना |

**पहिलो चरणः** (कसूरको वर्ग यकिन गर्ने) यस कसूरमा कसूरदारलाई हुने कैद र जरिबानाको माथिल्लो हदको व्यवस्था सम्बन्धित दफामा नै रहेको र सजायको दायरा धेरै फराकिलो नरहेको कारण यस कसूरमा सजाय निर्धारणको प्रयोजनका लागि कसूरको वर्ग विभाजन गर्न आवश्यक नपर्ने हुँदा यस कसूरका हकमा कसूरको वर्ग यकिन गर्न नपर्ने।

**दोस्रो चरणः** (कैद सजायको आधार विन्दु यकिन गर्ने) सम्बन्धित दफामा भएको सजायको दायराका आधारमा यस कसूरको कसूरदारलाई कैद सजाय निर्धारण गर्ने प्रयोजनका लागि देहाय बमोजिम कैद सजायको आधार विन्दु यकिन गर्ने।

| कसूरको वर्ग | कसूर | कैद सजायको आधार विन्दु | कैद सजायको श्रेणी (Range) |
|---|---|---|---|
| - | २५ ग्रामसम्मको अफीम, कोका वा कोकाको पात वा सोबाट बनेको लागू औषधको उत्पादन, निर्माण, तयारी, बिक्रि, वितरण, निकासी वा पैठारी, खरीद, सञ्चय, राख्ने वा ओसारपसार गर्ने सम्बन्धी कसूर | ७ वर्ष ६ महिना कैद | ५ देखि १० वर्षसम्म कैद |

**तेस्रो चरणः** **(सजायको उद्देश्य विचार गर्ने)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा १३ बमोजिमका कुनै वा सबै उद्देश्य विचार गर्ने। सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने सजायको उद्देश्य यसै सामान्य मार्गदर्शनको भाग-१ को तेस्रो चरणमा दिइएको छ।

**चौथो चरणः** **(समग्रतामा सजाय निर्धारण)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा ११ को उपदफा (२), दफा १४ र दफा १५ बमोजिमका आधारमा गर्ने। सजाय निर्धारण गर्दा लिनु पर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को चौथो चरणमा दिइएको छ।

**पाँचौ चरणः** **(कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्था विश्लेषण गर्ने)** यस कसूरको कसूरदारलाई सजाय निर्धारण गर्दा अपराध संहिताको दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने तथा दफा ३९ बमोजिम कसूरको गम्भीरता घटाउने विद्यमान अवस्थाहरुको विश्लेषण गर्ने। कसूरको गम्भीरता बढाउने तथा कसूरको गम्भीरता घटाउने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को पाँचौं चरणमा दिइएको छ।

**छैठौं चरणः** **(कैद यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति कैदको सजाय हुने हो यकिन गर्ने।

**सातौं चरणः** **(जरिबाना यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति जरिबाना हुने हो यकिन गर्ने। कसूरदारलाई जरिबानाको सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को सातौं चरणमा दिइएको छ।

**आठौं चरणः** **(थप सजाय हुने भए निर्धारण गर्ने)** यस कसूरका कसूरदारलाई थप सजाय हुन सक्ने अवस्था भए थप सजाय निर्धारण गर्ने। कसूरदारलाई थप सजाय हुन सक्ने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को आठौं चरणमा दिइएको छ।

**नवौं चरणः** **(सजायमा छुट दिने)** ऐनको दफा १८ग. बमोजिम लागू औषधको कारोबारमा स्वयम सम्लग्न रहेको गिरोह वा अन्य कुनै गिरोहको बारेमा जानकारी र सुराक दिई सो सम्बन्धमा मुख्य अपराधी पत्ता लगाई दिई पक्राउ गर्न सहयोग गर्ने व्यक्तिलाई निज अपराधमा सम्लग्न भए पनि ऐन अन्तर्गत हुने सजायमा पूर्ण वा आंशिक रुपमा सजाय छुट हुने गरी अभियोगपत्र माग दावी भएमा सोही अनुसार छुट दिन सकिने व्यवस्था भएकोले फौजदारी कार्यविधि नियमावलीको नियम १९ बमोजिम कसूरदारलाई हुने सजाय किटान गरी अभियोग दावी लिए बमोजिमको सजायमा छुट दिई सजाय निर्धारण गर्ने।

**दशौं चरणः** **(कसूरसँग सम्बन्धित सम्पत्ति वा साधन जफत)**

- ऐनको दफा १८क. बमोजिम कसूर गरी आर्जन गरेको सबै चल अचल सम्पत्ति र कसूर गर्न प्रयोग गरिएको घरजग्गा वा सवारी साधन जफत गर्ने।
- कसूरदार ठहरिएको व्यक्तिको आफ्नो वा आफ्नो परिवारको थाहा भएसम्मको आम्दानीको स्रोतको अनुपातमा नमिल्दो आर्थिक साधन वा सम्पत्ति भएमा निजले अन्यथा प्रमाणित गर्न सकेमा बाहेक निजको त्यस्तो सम्पत्ति यस ऐन विपरितको कार्य गरी आर्जन गरेको मानी त्यस्तो सम्पत्ति निजको परिवार वा अन्य कसैको नाममा राखिएको भए तापनि सो सम्पत्ति समेत जफत हुने।

**एघारौं चरणः** **(विगो निर्धारण गर्ने)** यस कसूरबाट पीडितलाई विगो भराई दिने व्यवस्था नभएको हुँदा यस कसूरका हकमा यो चरण आकर्षित नहुने।

**बाह्रौं चरणः** **(क्षतिपूर्ति तथा क्षतिपूर्ति शुल्क)**

- यस कसूरबाट पीडितलाई क्षतिपूर्ति भराई दिने व्यवस्था नभएको हुँदा यो चरण आकर्षित नहुने।
- फैसला गर्दा पीडित संरक्षण ऐनको दफा ४१ बमोजिम लाग्ने क्षतिपूर्ति शुल्क समेत निर्धारण गर्नु पर्ने।

**तेह्रौं चरणः** **(अन्य आदेश)** यस कसूरमा कसूरदारलाई फौजदारी कार्यविधि संहिताको दफा १५५ वा सजाय निर्धारण ऐनको दफा २२,२४,२५,२६ वा २७ बमोजिम आदेश हुन नसक्ने भएकोले यो चरण आकर्षित नहुने।

**चौधौं चरणः** **(नैतिक पतन हुने नहुने घोषणा गर्ने)** यस कसूरको कसूरदारलाई नैतिक पतन हुने अवस्था विद्यमान भए वा नभएको सम्बन्धमा विश्लेषण गरी नैतिक पतन हुने वा नहुने अवस्थाको घोषणा गर्ने। नैतिक पतन हुने वा नहुने अवस्थाको विश्लेषण गर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को चौधौं चरणमा दिइएको छ।

**पन्ध्रौं चरणः** **(आधार र कारण सहितको फैसला)** फौजदारी कार्यविधि संहिताको दफा १३१ र सजाय निर्धारण ऐनको दफा १७ मा अदालतको फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु उल्लेख भएको सन्दर्भमा यसै मार्गदर्शन बमोजिम निर्धारण गरिएको सजाय र सान्दर्भीक कुराहरुलाई समेत सिलसिलेवार रुपमा प्रष्ट खुलाई फैसला वा आदेश तयार गर्नु पर्ने। फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को पन्ध्रौं चरणमा दिइएको छ।

## भाग -४

**कसूरः** २५ ग्रामदेखि १०० ग्रामसम्मको अफीम, कोका वा सोबाट बनेको लागू औषधको उत्पादन, निर्माण, तयारी, बिक्रि, वितरण, निकासी वा पैठारी, खरीद, सञ्चय, राख्ने वा ओसारपसार गर्ने सम्बन्धी कसूर।

**सम्बद्ध कानून:** लागू औषध (नियन्त्रण) ऐन, २०३३

| दफा/उपदफा/खण्ड | कसूर | सजाय |
|---|---|---|
| ▪ ४(ख) (ग) (घ) (ङ) (च)<br>▪ १४(१)(छ) (२) | २५ ग्रामदेखि १०० ग्रामसम्मको अफीम, कोका वा सोबाट बनेको लागू औषधको उत्पादन, निर्माण, तयारी, बिक्रि, वितरण, निकासी वा पैठारी, खरीद, सञ्चय, राख्ने वा ओसारपसार गर्ने सम्बन्धी कसूर। | १० वर्षदेखि १५ वर्षसम्म कैद र रु. ७५ हजारदेखि २ लाखसम्म जरिबाना |

**पहिलो चरणः** (कसूरको वर्ग यकिन गर्ने) यस कसूरमा कसूरदारलाई हुने कैद र जरिबानाको माथिल्लो हदको व्यवस्था सम्बन्धित दफामा नै रहेको र सजायको दायरा धेरै फराकिलो नरहेको कारण यस कसूरमा सजाय निर्धारणको प्रयोजनका लागि कसूरको वर्ग विभाजन गर्न आवश्यक नपर्ने हुँदा यस कसूरका हकमा कसूरको वर्ग यकिन गर्न नपर्ने।

**दोस्रो चरणः** (कैद सजायको आधार विन्दु यकिन गर्ने) सम्बन्धित दफामा भएको सजायको दायराका आधारमा यस कसूरको कसूरदारलाई कैद सजाय निर्धारण गर्ने प्रयोजनका लागि देहाय बमोजिम कैद सजायको आधार विन्दु यकिन गर्ने।

| कसूरको वर्ग | कसूर | कैद सजायको आधार विन्दु | कैद सजायको श्रेणी (Range) |
|---|---|---|---|
| - | २५ ग्रामदेखि १०० ग्रामसम्मको अफीम, कोका वा सोबाट बनेको लागू औषधको उत्पादन, निर्माण, तयारी, बिक्रि, वितरण, निकासी वा पैठारी, खरीद, सञ्चय, राख्ने वा ओसारपसार गर्ने सम्बन्धी कसूर | १२ वर्ष ६ महिना कैद | १० देखि १५ वर्षसम्म कैद |

**तेस्रो चरणः** **(सजायको उद्देश्य विचार गर्ने)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा १३ बमोजिमका कुनै वा सबै उद्देश्य विचार गर्ने। सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने सजायको उद्देश्य यसै सामान्य मार्गदर्शनको भाग-१ को तेस्रो चरणमा दिइएको छ।

**चौथो चरणः** **(समग्रतामा सजाय निर्धारण)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा ११ को उपदफा (२), दफा १४ र दफा १५ बमोजिमका आधारमा गर्ने। सजाय निर्धारण गर्दा लिनु पर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को चौथो चरणमा दिइएको छ।

**पाँचौ चरणः** **(कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्था विश्लेषण गर्ने)** यस कसूरको कसूरदारलाई सजाय निर्धारण गर्दा अपराध संहिताको दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने तथा दफा ३९ बमोजिम कसूरको गम्भीरता घटाउने विद्यमान अवस्थाहरुको विश्लेषण गर्ने। कसूरको गम्भीरता बढाउने तथा कसूरको गम्भीरता घटाउने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को पाँचौं चरणमा दिइएको छ।

**छैठौं चरणः** **(कैद यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति कैदको सजाय हुने हो यकिन गर्ने।

**सातौं चरणः** **(जरिबाना यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति जरिबाना हुने हो यकिन गर्ने। कसूरदारलाई जरिबानाको सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को सातौं चरणमा दिइएको छ।

**आठौं चरणः** **(थप सजाय हुने भए निर्धारण गर्ने)** यस कसूरका कसूरदारलाई थप सजाय हुन सक्ने अवस्था भए थप सजाय निर्धारण गर्ने। कसूरदारलाई थप सजाय हुन सक्ने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को आठौं चरणमा दिइएको छ।

**नवौं चरणः** **(सजायमा छुट दिने)** ऐनको दफा १८ग. बमोजिम लागू औषधको कारोबारमा स्वयम सम्लग्न रहेको गिरोह वा अन्य कुनै गिरोहको बारेमा जानकारी र सुराक दिई सो सम्बन्धमा मुख्य अपराधी पत्ता लगाई दिई पक्राउ गर्न सहयोग गर्ने व्यक्तिलाई निज अपराधमा सम्लग्न भए पनि ऐन अन्तर्गत हुने सजायमा पूर्ण वा आंशिक रुपमा सजाय छुट हुने गरी अभियोगपत्र माग दावी भएमा सोही अनुसार छुट दिन सकिने व्यवस्था भएकोले फौजदारी कार्यविधि नियमावलीको नियम १९ बमोजिम कसूरदारलाई हुने सजाय किटान गरी अभियोग दावी लिए बमोजिमको सजायमा छुट दिई सजाय निर्धारण गर्ने।

**दशौं चरणः** **(कसूरसँग सम्बन्धित सम्पत्ति वा साधन जफत)**

- ऐनको दफा १८क. बमोजिम कसूर गरी आर्जन गरेको सबै चल अचल सम्पत्ति र कसूर गर्न प्रयोग गरिएको घरजग्गा वा सवारी साधन जफत गर्ने।
- कसूरदार ठहरिएको व्यक्तिको आफ्नो वा आफ्नो परिवारको थाहा भएसम्मको आम्दानीको स्रोतको अनुपातमा नमिल्दो आर्थिक साधन वा सम्पत्ति भएमा निजले अन्यथा प्रमाणित गर्न सकेमा बाहेक निजको त्यस्तो सम्पत्ति यस ऐन विपरितको कार्य गरी आर्जन गरेको मानी त्यस्तो सम्पत्ति निजको परिवार वा अन्य कसैको नाममा राखिएको भए तापनि सो सम्पत्ति समेत जफत हुने।

**एघारौं चरणः** **(बिगो निर्धारण गर्ने)** यस कसूरबाट पीडितलाई बिगो भराई दिने व्यवस्था नभएको हुँदा यस कसूरका हकमा यो चरण आकर्षित नहुने।

**बाह्रौं चरणः** **(क्षतिपूर्ति तथा क्षतिपूर्ति शुल्क)**

- यस कसूरबाट पीडितलाई क्षतिपूर्ति भराई दिने व्यवस्था नभएको हुँदा यो चरण आकर्षित नहुने।
- फैसला गर्दा पीडित संरक्षण ऐनको दफा ४१ बमोजिम लाग्ने क्षतिपूर्ति शुल्क समेत निर्धारण गर्नु पर्ने।

**तेह्रौं चरणः** **(अन्य आदेश)** यस कसूरमा कसूरदारलाई फौजदारी कार्यविधि संहिताको दफा १५५ वा सजाय निर्धारण ऐनको दफा २२,२४,२५,२६ वा २७ बमोजिम आदेश हुन नसक्ने भएकोले यो चरण आकर्षित नहुने।

**चौधौं चरणः** **(नैतिक पतन हुने नहुने घोषणा गर्ने)** यस कसूरको कसूरदारलाई नैतिक पतन हुने अवस्था विद्यमान भए वा नभएको सम्बन्धमा विश्लेषण गरी नैतिक पतन हुने वा नहुने अवस्थाको घोषणा गर्ने। नैतिक पतन हुने वा नहुने अवस्थाको विश्लेषण गर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को चौधौं चरणमा दिइएको छ।

**पन्ध्रौं चरणः** **(आधार र कारण सहितको फैसला)** फौजदारी कार्यविधि संहिताको दफा १३१ र सजाय निर्धारण ऐनको दफा १७ मा अदालतको फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु उल्लेख भएको सन्दर्भमा यसै मार्गदर्शन बमोजिम निर्धारण गरिएको सजाय र सान्दर्भीक कुराहरुलाई समेत सिलसिलेवार रुपमा प्रष्ट खुलाई फैसला वा आदेश तयार गर्नु पर्ने। फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को पन्ध्रौं चरणमा दिइएको छ।

## भाग -५

**कसूरः** १०० ग्रामभन्दा बढी अफीम, कोका वा सोबाट बनेको लागू औषधको उत्पादन, निर्माण, तयारी, बिक्रि, वितरण, निकासी वा पैठारी, खरीद, सञ्चय, राख्ने वा ओसारपसार गर्ने सम्बन्धी कसूर ।

**सम्बद्ध कानूनः** लागू औषध (नियन्त्रण) ऐन, २०३३

| दफा/उपदफा/खण्ड | कसूर | सजाय |
|---|---|---|
| ▪ ४(ख) (ग) (घ) (ङ) (च)<br>▪ १४(१)(छ) (३) | १०० ग्रामभन्दा बढी अफीम, कोका वा सोबाट बनेको लागू औषधको उत्पादन, निर्माण, तयारी, बिक्रि, वितरण, निकासी वा पैठारी, खरीद, सञ्चय, राख्ने वा ओसारपसार गर्ने सम्बन्धी कसूर । | १५ वर्षदेखि जन्मकैदसम्म कैद र रु. ५ लाखदेखि २५ लाखसम्म जरिबाना |

**पहिलो चरणः** **(कसूरको वर्ग यकीन गर्ने)** कसूरदारलाई हुने कैद र जरिबानाको माथिल्लो तथा तल्लो हदको व्यवस्था भएको र सजायको दायरा फराकिलो भएको हुँदा कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम समेतका आधारमा उपयुक्त सजाय निर्धारण गर्न यस कसूरलाई देहाय बमोजिम २ वर्गमा वर्गीकरण गर्न सकिने हुँदा कसूरदारको कसूर कुन वर्गमा पर्ने हो यकिन गर्ने। कसूरको वर्ग विभाजन गर्ने आधारहरुको केही दृष्टान्त तालिकामा उल्लेख गरिएको छ।

| कसूरको वर्ग | कसूर | कैद सजायको दायरा (Range) |
|---|---|---|
| क | ▪ ५०० ग्राम भन्दा बढी अफीम, कोका वा सोबाट बनेको लागू औषधको उत्पादन, निर्माण, तयारी, बिक्रि, वितरण, निकासी वा पैठारी, खरीद, सञ्चय, राख्ने वा ओसारपसार गर्ने,<br>▪ एकै वारदातमा एकभन्दा बढी कसूर गरेको,वा<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम वा लागू औषधको प्राकृतिक वा प्रशोधन गरिएको स्वरुप र मात्रा समेतका आधारमा यस वर्गमा वर्गीकरण गर्न उपयुक्त हुने कसूर। | २० वर्षदेखि जन्मकैदसम्म कैद |
| ख | ▪ १०० ग्राम देखि ५०० ग्रामसम्म अफीम, कोका वा सोबाट बनेको लागू औषधको उत्पादन, निर्माण, तयारी, बिक्रि, वितरण, निकासी वा पैठारी, खरीद, सञ्चय, राख्ने वा ओसारपसार गर्ने सम्बन्धी कसूर<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम वा लागू औषधको प्राकृतिक वा प्रशोधन गरिएको स्वरुप र मात्रा समेतका आधारमा क वर्गमा वर्गीकरण गर्न उपयुक्त नहुने कसूर। | १५ वर्षदेखि २० वर्षसम्म कैद |

**दोस्रो चरणः** (कैद सजायको आधार विन्दु यकिन गर्ने) सम्बन्धित दफामा भएको सजायको दायराका आधारमा यस कसूरको कसूरदारलाई कैद सजाय निर्धारण गर्ने प्रयोजनका लागि देहाय बमोजिम कैद सजायको आधार विन्दु यकिन गर्ने।

| कसूरको वर्ग | कसूर | कैद सजायको आधार विन्दु | कैद सजायको श्रेणी (Range) |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| क | ▪ ५०० ग्राम भन्दा बढी अफीम, कोका वा सोबाट बनेको लागू औषधको उत्पादन, निर्माण, तयारी, बिक्रि, वितरण, निकासी वा पैठारी, खरीद, सञ्चय, राख्ने वा ओसारपसार गर्ने सम्बन्धी कसूर,<br>▪ एकै वारदातमा एकभन्दा बढी कसूर गरेको,वा<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम वा लागू औषधको प्राकृतिक वा प्रशोधन गरिएको स्वरुप र मात्रा समेतका आधारमा यस वर्गमा वर्गीकरण गर्न उपयुक्त हुने कसूर। | २२ वर्ष ६ महिना कैद | २० वर्षदेखि जन्मकैदसम्म |
| ख | ▪ १०० ग्राम देखि ५०० ग्रामसम्म अफीम, कोका वा सोबाट बनेको लागू औषधको उत्पादन, निर्माण, तयारी, बिक्रि, वितरण, निकासी वा पैठारी, खरीद, सञ्चय, राख्ने वा ओसारपसार गर्ने सम्बन्धी कसूर<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम वा लागू औषधको प्राकृतिक वा प्रशोधन गरिएको स्वरुप र मात्रा समेतका आधारमा क वर्गमा वर्गीकरण गर्न उपयुक्त नहुने कसूर। | १७ वर्ष ६ महिना कैद | १५ वर्षदेखि २० वर्षसम्म कैद |

**तेस्रो चरणः** **(सजायको उद्देश्य विचार गर्ने)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा १३ बमोजिमका कुनै वा सबै उद्देश्य विचार गर्ने। सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने सजायको उद्देश्य यसै सामान्य मार्गदर्शनको भाग-१ को तेस्रो चरणमा दिइएको छ।

**चौथो चरणः** **(समग्रतामा सजाय निर्धारण)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा ११ को उपदफा (२), दफा १४ र दफा १५ बमोजिमका आधारमा गर्ने। सजाय निर्धारण गर्दा लिनु पर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को चौथो चरणमा दिइएको छ।

**पाँचौ चरणः** **(कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्था विश्लेषण गर्ने)** यस कसूरको कसूरदारलाई सजाय निर्धारण गर्दा अपराध सहिताको दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने तथा दफा ३९ बमोजिम कसूरको गम्भीरता घटाउने विद्यमान अवस्थाहरुको विश्लेषण गर्ने। कसूरको गम्भीरता बढाउने तथा कसूरको गम्भीरता घटाउने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को पाँचौं चरणमा दिइएको छ।

**छैठौं चरणः** **(कैद यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति कैदको सजाय हुने हो यकिन गर्ने।

**सातौं चरणः** **(जरिबाना यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति जरिबाना हुने हो यकिन गर्ने।कसूरदारलाई जरिबानाको सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को सातौं चरणमा दिइएको छ।

**आठौं चरणः** **(थप सजाय हुने भए निर्धारण गर्ने)** यस कसूरका कसूरदारलाई थप सजाय हुन सक्ने अवस्था भए थप सजाय निर्धारण गर्ने। कसूरदारलाई थप सजाय हुन सक्ने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को आठौं चरणमा दिइएको छ।

**नवौं चरणः** **(सजायमा छुट दिने)** ऐनको दफा १८ग. बमोजिम लागू औषधको कारोबारमा स्वयम सम्लग्न रहेको गिरोह वा अन्य कुनै गिरोहको बारेमा जानकारी र सुराक दिई सो सम्बन्धमा मुख्य अपराधी पत्ता लगाई दिई पक्राउ गर्न सहयोग गर्ने व्यक्तिलाई निज अपराधमा सम्लग्न भए पनि ऐन अन्तर्गत हुने सजायमा पूर्ण वा आंशिक रुपमा सजाय छुट हुने गरी अभियोगपत्र माग दावी भएमा सोही अनुसार छुट दिन सकिने व्यवस्था भएकोले फौजदारी कार्यविधि नियमावलीको नियम १९ बमोजिम कसूरदारलाई हुने सजाय किटान गरी अभियोग दावी लिए बमोजिमको सजायमा छुट दिई सजाय निर्धारण गर्ने।

**दशौं चरणः** **(कसूरसँग सम्बन्धित सम्पत्ति वा साधन जफत)**

- ऐनको दफा १८क. बमोजिम कसूर गरी आर्जन गरेको सबै चल अचल सम्पत्ति र कसूर गर्न प्रयोग गरिएको घरजग्गा वा सवारी साधन जफत गर्ने।
- कसूरदार ठहरिएको व्यक्तिको आफ्नो वा आफ्नो परिवारको थाहा भएसम्मको आम्दानीको स्रोतको अनुपातमा नमिल्दो आर्थिक साधन वा सम्पत्ति भएमा निजले अन्यथा प्रमाणित गर्न सकेमा बाहेक निजको त्यस्तो सम्पत्ति यस ऐन विपरितको कार्य गरी आर्जन गरेको मानी त्यस्तो सम्पत्ति निजको परिवार वा अन्य कसैको नाममा राखिएको भए तापनि सो सम्पत्ति समेत जफत हुने।

**एघारौं चरणः** **(विगो निर्धारण गर्ने)** यस कसूरबाट पीडितलाई विगो भराई दिने व्यवस्था नभएको हुँदा यस कसूरका हकमा यो चरण आकर्षित नहुने।

**बाह्रौं चरणः** **(क्षतिपूर्ति तथा क्षतिपूर्ति शुल्क)**

- यस कसूरबाट पीडितलाई क्षतिपूर्ति भराई दिने व्यवस्था नभएको हुँदा यो चरण आकर्षित नहुने।
- फैसला गर्दा पीडित संरक्षण ऐनको दफा ४१ बमोजिम लाग्ने क्षतिपूर्ति शुल्क समेत निर्धारण गर्नु पर्ने।

**तेह्रौं चरणः** **(अन्य आदेश)** यस कसूरमा कसूरदारलाई फौजदारी कार्यविधि संहिताको दफा १५५ वा सजाय निर्धारण ऐनको दफा २२,२४,२५,२६ वा २७ बमोजिम आदेश हुन नसक्ने भएकोले यो चरण आकर्षित नहुने।

**चौधौं चरणः** **(नैतिक पतन हुने नहुने घोषणा गर्ने)** यस कसूरको कसूरदारलाई नैतिक पतन हुने अवस्था विद्यमान भए वा नभएको सम्बन्धमा विश्लेषण गरी नैतिक पतन हुने वा नहुने अवस्थाको घोषणा गर्ने। नैतिक पतन हुने वा नहुने अवस्थाको विश्लेषण गर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को चौधौं चरणमा दिइएको छ।

**पन्ध्रौं चरणः** **(आधार र कारण सहितको फैसला)** फौजदारी कार्यविधि संहिताको दफा १३१ र सजाय निर्धारण ऐनको दफा १७ मा अदालतको फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु उल्लेख भएको सन्दर्भमा यसै मार्गदर्शन बमोजिम निर्धारण गरिएको सजाय र सान्दर्भीक कुराहरुलाई समेत सिलसिलेवार रुपमा प्रष्ट खुलाई फैसला वा आदेश तयार गर्नु पर्ने। फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को पन्ध्रौं चरणमा दिइएको छ।

## भाग -६

**कसूरः** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकि दिएका प्राकृतिक वा कृत्रिम लागू औषध तथा मनोद्विपक पदार्थ वा तिनको लवण र अन्य पदार्थ समेतको दुर्व्यवसन गर्ने बाहेकको अन्य निषेधित कार्य गर्ने सम्बन्धी कसूर।

**सम्बद्ध कानूनः** लागू औषध (नियन्त्रण) ऐन, २०३३

| दफा/उपदफा/खण्ड | कसूर | सजाय |
|---|---|---|
| ▪ ४<br>▪ १४(१) (झ) | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकि दिएका प्राकृतिक वा कृत्रिम लागू औषध तथा मनोद्विपक पदार्थ वा तिनको लवण र अन्य पदार्थ समेतको दुर्व्यवसन गर्ने बाहेकको अन्य निषेधित कार्य गर्ने सम्बन्धी कसूर | २ वर्षदेखि १० वर्षसम्म कैद र रु. १ लाखदेखि २० लाखसम्म जरिबाना |

**पहिलो चरणः** **(कसूरको वर्ग यकीन गर्ने)** कसूरदारलाई हुने कैद र जरिबानाको माथिल्लो तथा तल्लो हदको व्यवस्था भएको र सजायको दायरा फराकिलो भएको हुँदा कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम समेतका आधारमा उपयुक्त सजाय निर्धारण गर्न यस कसूरलाई देहाय बमोजिम ३ वर्गमा वर्गीकरण गर्न सकिने हुँदा कसूरदारको कसूर कुन वर्गमा पर्ने हो यकिन गर्ने। कसूरको वर्ग विभाजन गर्ने आधारहरुको केही दृष्टान्त तालिकामा उल्लेख गरिएको छ।

| कसूरको वर्ग | कसूर | कैद सजायको श्रेणी (Range) |
|---|---|---|
| क | ▪ ५००० मिलिलिटर / २५०० एम्पुल/ २५०० ट्याब्लेट/ २५०० क्याप्सुल भन्दा बढीको प्राकृतिक वा कृत्रिम लागू औषध तथा मनोद्विपक पदार्थ वा तिनको लवण र अन्य पदार्थ समेतको दुर्व्यवसन गर्ने बाहेकको अन्य निषेधित कार्य गर्ने सम्बन्धी कसूर,<br>▪ एकै वारदातमा एकभन्दा बढी कसूर गरेको, वा<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम, प्राकृतिक वा कृत्रिम लागू औषध वा मनोद्विपक पदार्थको प्रकृति र मात्रा विश्लेषण समेतका आधारमा यस वर्गमा वर्गीकरण गर्न उपयुक्त हुने कसूर। | ६ देखि १० वर्षसम्म |
| ख | ▪ २००० देखि ५००० मिलिलिटर / १००० देखि २५०० एम्पुल/ १००० देखि २५०० ट्याब्लेट/१००० देखि २५०० क्याप्सुल सम्मको प्राकृतिक वा कृत्रिम लागू औषध तथा मनोद्विपक पदार्थ वा तिनको लवण र अन्य पदार्थ समेतको दुर्व्यवसन गर्ने बाहेकको अन्य निषेधित कार्य गर्ने सम्बन्धी कसूर,वा<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम, प्राकृतिक वा कृत्रिम लागू औषध वा मनोद्विपक पदार्थको प्रकृति र मात्रा विश्लेषण समेतका आधारमा यस वर्गमा वर्गीकरण गर्न उपयुक्त | ३ देखि ७ वर्षसम्म |

| | | |
|---|---|---|
| | हुने कसूर। | |
| ग | ▪ २००० मिलिलिटर/१००० एम्पुल/ १००० ट्याब्लेट/१००० क्याप्सुलसम्मको प्राकृतिक वा कृत्रिम लागू औषध तथा मनोद्विपक पदार्थ वा तिनको लवण र अन्य पदार्थ समेतको दुर्व्यवसन गर्ने बाहेकको अन्य निषेधित कार्य गर्ने सम्बन्धी कसूर, वा<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम, प्राकृतिक वा कृत्रिम लागू औषध वा मनोद्विपक पदार्थको प्रकृति र मात्रा विश्लेषण समेतका आधारमा क वा ख वर्गमा वर्गीकरण गर्न उपयुक्त नहुने कसूर। | २ वर्षदेखि ४ वर्षसम्म |

**दोस्रो चरणः** (कैद सजायको आधार विन्दु यकिन गर्ने) प्रथम चरणमा यकिन गरिएको कसूरको वर्ग र सजायको दायराका आधारमा कसूरदारलाई कैद सजाय निर्धारण गर्न देहाय बमोजिम कैद सजायको आधार विन्दु यकिन गर्ने।

| कसूरको वर्ग | कसूर | कैद सजायको आधार विन्दु | कैद सजायको श्रेणी (Range) |
|---|---|---|---|
| क | ▪ ५००० मिलिलिटर / २५०० एम्पुल/ २५०० ट्याब्लेट/ २५०० क्याप्सुल भन्दा बढीको प्राकृतिक वा कृत्रिम लागू औषध तथा मनोद्विपक पदार्थ वा तिनको लवण र अन्य पदार्थ समेतको दुर्व्यवसन गर्ने बाहेकको अन्य निषेधित कार्य गर्ने सम्बन्धी कसूर,<br>▪ एकै वारदातमा एकभन्दा बढी कसूर गरेको, वा<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम, प्राकृतिक वा कृत्रिम लागू औषध वा मनोद्विपक पदार्थको प्रकृति र मात्रा विश्लेषण समेतका आधारमा यस वर्गमा वर्गीकरण गर्न उपयुक्त हुने कसूर। | ८ वर्ष कैद | ६ देखि १० वर्षसम्म कैद |
| ख | ▪ २००० देखि ५००० मिलिलिटर / १००० देखि २५०० एम्पुल/ १००० देखि २५०० ट्याब्लेट/१००० देखि २५०० क्याप्सुल सम्मको प्राकृतिक वा कृत्रिम लागू औषध तथा मनोद्विपक पदार्थ वा तिनको लवण र अन्य पदार्थ समेतको दुर्व्यवसन गर्ने बाहेकको अन्य निषेधित कार्य गर्ने सम्बन्धी कसूर,वा<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम, प्राकृतिक वा कृत्रिम | ५ वर्ष कैद | ३ देखि ७ वर्षसम्म कैद |

| | | | |
|---|---|---|---|
| | लागू औषध वा मनोद्विपक पदार्थको प्रकृति र मात्रा विश्लेषण समेतका आधारमा यस वर्गमा वर्गीकरण गर्न उपयुक्त हुने कसूर। | | |
| ग | ▪ २००० मिलिलिटर/१००० एम्पुल/ १००० ट्याब्लेट/१००० क्याप्सुलसम्मको प्राकृतिक वा कृत्रिम लागू औषध तथा मनोद्विपक पदार्थ वा तिनको लवण र अन्य पदार्थ समेतको दुर्व्यवसन गर्ने बाहेकको अन्य निषेधित कार्य गर्ने सम्बन्धी कसूर, वा<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम, प्राकृतिक वा कृत्रिम लागू औषध वा मनोद्विपक पदार्थको प्रकृति र मात्रा विश्लेषण समेतका आधारमा क वा ख वर्गमा वर्गीकरण गर्न उपयुक्त नहुने कसूर। | ३ वर्ष कैद | २ वर्षदेखि ४ वर्षसम्म कैद |

**तेस्रो चरणः** **(सजायको उद्देश्य विचार गर्ने)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा १३ बमोजिमका कुनै वा सबै उद्देश्य विचार गर्ने। सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने सजायको उद्देश्य यसै सामान्य मार्गदर्शनको भाग-१ को तेस्रो चरणमा दिइएको छ।

**चौथो चरणः** **(समग्रतामा सजाय निर्धारण)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा ११ को उपदफा (२), दफा १४ र दफा १५ बमोजिमका आधारमा गर्ने। सजाय निर्धारण गर्दा लिनु पर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को चौथो चरणमा दिइएको छ।

**पाँचौ चरणः** **(कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्था विश्लेषण गर्ने)** यस कसूरको कसूरदारलाई सजाय निर्धारण गर्दा अपराध संहिताको दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने तथा दफा ३९ बमोजिम कसूरको गम्भीरता घटाउने विद्यमान अवस्थाहरुको विश्लेषण गर्ने। कसूरको गम्भीरता बढाउने तथा कसूरको गम्भीरता घटाउने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को पाँचौं चरणमा दिइएको छ।

**छैठौं चरणः** **(कैद यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति कैदको सजाय हुने हो यकिन गर्ने।

**सातौं चरणः** **(जरिबाना यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति जरिबाना हुने हो यकिन गर्ने।कसूरदारलाई जरिबानाको सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को सातौं चरणमा दिइएको छ।

**आठौं चरणः** **(थप सजाय हुने भए निर्धारण गर्ने)** यस कसूरका कसूरदारलाई थप सजाय हुन सक्ने अवस्था भए थप सजाय निर्धारण गर्ने।कसूरदारलाई थप सजाय हुन सक्ने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को आठौं चरणमा दिइएको छ।

**नवौं चरणः** **(सजायमा छुट दिने)** ऐनको दफा १८ग. बमोजिम लागू औषधको कारोबारमा स्वयम सम्लग्न रहेको गिरोह वा अन्य कुनै गिरोहको बारेमा जानकारी र सुराक दिई सो सम्बन्धमा मुख्य अपराधी पत्ता लगाई दिई पक्राउ गर्न सहयोग गर्ने व्यक्तिलाई निज अपराधमा सम्लग्न भए पनि ऐन अन्तर्गत हुने सजायमा पूर्ण वा आंशिक रुपमा सजाय छुट हुने गरी अभियोगपत्र माग दावी भएमा सोही अनुसार छुट दिन सकिने व्यवस्था भएकोले फौजदारी कार्यविधि नियमावलीको नियम १९ बमोजिम कसूरदारलाई हुने सजाय किटान गरी अभियोग दावी लिए बमोजिमको सजायमा छुट दिई सजाय निर्धारण गर्ने।

**दशौं चरणः** **(कसूरसँग सम्बन्धित सम्पत्ति वा साधन जफत)**

- ऐनको दफा १८क. बमोजिम कसूर गरी आर्जन गरेको सबै चल अचल सम्पत्ति र कसूर गर्न प्रयोग गरिएको घरजग्गा वा सवारी साधन जफत गर्ने।
- कसूरदार ठहरिएको व्यक्तिको आफ्नो वा आफ्नो परिवारको थाहा भएसम्मको आम्दानीको स्रोतको अनुपातमा नमिल्दो आर्थिक साधन वा सम्पत्ति भएमा निजले अन्यथा प्रमाणित गर्न सकेमा बाहेक निजको त्यस्तो सम्पत्ति यस ऐन विपरितको कार्य गरी आर्जन गरेको मानी त्यस्तो सम्पत्ति निजको परिवार वा अन्य कसैको नाममा राखिएको भए तापनि सो सम्पत्ति समेत जफत हुने।

**एघारौं चरणः** **(विगो निर्धारण गर्ने)** यस कसूरबाट पीडितलाई विगो भराई दिने व्यवस्था नभएको हुँदा यस कसूरका हकमा यो चरण आकर्षित नहुने।

**बाह्रौं चरणः** **(क्षतिपूर्ति तथा क्षतिपूर्ति शुल्क)**

- यस कसूरबाट पीडितलाई क्षतिपूर्ति भराई दिने व्यवस्था नभएको हुँदा यो चरण आकर्षित नहुने।
- फैसला गर्दा पीडित संरक्षण ऐनको दफा ४१ बमोजिम लाग्ने क्षतिपूर्ति शुल्क समेत निर्धारण गर्नु पर्ने।

**तेह्रौं चरणः** **(अन्य आदेश)** यस कसूरमा कसूरदारलाई फौजदारी कार्यविधि संहिताको दफा १५५ वा सजाय निर्धारण ऐनको दफा २२,२४,२५,२६ वा २७ बमोजिम आदेश हुन नसक्ने भएकोले यो चरण आकर्षित नहुने।

**चौधौं चरणः** **(नैतिक पतन हुने नहुने घोषणा गर्ने)** यस कसूरको कसूरदारलाई नैतिक पतन हुने अवस्था विद्यमान भए वा नभएको सम्बन्धमा विश्लेषण गरी नैतिक पतन हुने वा नहुने अवस्थाको घोषणा गर्ने। नैतिक पतन हुने वा नहुने अवस्थाको विश्लेषण गर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को चौधौं चरणमा दिइएको छ।

**पन्ध्रौं चरणः** **(आधार र कारण सहितको फैसला)** फौजदारी कार्यविधि संहिताको दफा १३१ र सजाय निर्धारण ऐनको दफा १७ मा अदालतको फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु उल्लेख भएको सन्दर्भमा यसै मार्गदर्शन बमोजिम निर्धारण गरिएको सजाय र सान्दर्भीक कुराहरुलाई समेत सिलसिलेवार रुपमा प्रष्ट खुलाई फैसला वा आदेश तयार गर्नु पर्ने। फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को पन्ध्रौं चरणमा दिइएको छ।

## भाग -७

**कसूरः** लागू औषध सम्बन्धी कसूर गर्न घरजग्गा वा सवारी साधन प्रयोग गर्न अनुमति दिने सम्बन्धी कसूर।

**सम्बद्ध कानूनः** लागू औषध (नियन्त्रण) ऐन, २०३३

| दफा | कसूर | सजाय |
|---|---|---|
| ▪ ४<br>▪ १५ | लागू औषध सम्बन्धी कसूर गर्न घरजग्गा वा सवारी साधन प्रयोग गर्न अनुमति दिने सम्बन्धी कसूर | ६ महिनादेखि ५ वर्षसम्म कैद वा रु. १० हजारसम्म जरिबाना |

**पहिलो चरणः** (कसूरको वर्ग यकिन गर्ने) यस कसूरमा कसूरदारलाई हुने कैदको माथिल्लो र तल्लो तथा जरिबानाको माथिल्लो हदको व्यवस्था सम्बन्धित दफामा नै रहेको र सजायको दायरा धेरै फराकिलो नरहेको कारण यस कसूरमा सजाय निर्धारणको प्रयोजनका लागि कसूरको वर्ग विभाजन गर्न आवश्यक नपर्ने हुँदा यस कसूरका हकमा कसूरको वर्ग यकिन गर्न नपर्ने।

**दोस्रो चरणः** (कैद सजायको आधार विन्दु यकिन गर्ने) सम्बन्धित दफामा भएको सजायको दायराका आधारमा यस कसूरको कसूरदारलाई कैद सजाय निर्धारण गर्ने प्रयोजनका लागि देहाय बमोजिम कैद सजायको आधार विन्दु यकिन गर्ने।

| कसूरको वर्ग | कसूर | कैद सजायको आधार विन्दु | कैद सजायको श्रेणी (Range) |
|---|---|---|---|
| - | लागू औषध सम्बन्धी कसूर गर्न घरजग्गा वा सवारी साधन प्रयोग गर्न अनुमति दिने सम्बन्धी कसूर। | २ वर्ष ३ महिना | ६ महिनादेखि ५ वर्षसम्म कैद |

**तेस्रो चरणः** **(सजायको उद्देश्य विचार गर्ने)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा १३ बमोजिमका कुनै वा सबै उद्देश्य विचार गर्ने। सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने सजायको उद्देश्य यसै सामान्य मार्गदर्शनको भाग-१ को तेस्रो चरणमा दिइएको छ।

**चौथो चरणः** **(समग्रतामा सजाय निर्धारण)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा ११ को उपदफा (२), दफा १४ र दफा १५ बमोजिमका आधारमा गर्ने। सजाय निर्धारण गर्दा लिनु पर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को चौथो चरणमा दिइएको छ।

**पाँचौ चरणः** **(कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्था विश्लेषण गर्ने)** यस कसूरको कसूरदारलाई सजाय निर्धारण गर्दा अपराध संहिताको दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने तथा दफा ३९ बमोजिम कसूरको गम्भीरता घटाउने विद्यमान अवस्थाहरुको विश्लेषण गर्ने।

| कसूरको गम्भीरता बढाउने अवस्था | कसूरको गम्भीरता घटाउने अवस्था |
|---|---|
| ▪ विश्वासको दुरुपयोग गरी कसूर गरेको,<br>▪ कुनै सार्वजनिक पदको लाभ उठाई वा दुरुपयोग गरी कसूर गरेको,<br>▪ कुनै सरकारी कार्यालय, सार्वजनिक कार्यालय वा धार्मिक स्थलमा कसूर गरेको,<br>▪ सार्वजनिक शान्ति खलबलिएको, बाढी, पहिरो, भूकम्प वा त्यस्तै प्रकृतिको दैवी प्रकोप भएको महामारी फैलिएको, अनिकाल परेको वा त्यस्तै किसिमको अन्य कुनै सङ्कटको लाभ लिई कसूर गरेको,<br>▪ हातहतियार वा विषालु वा विष्फोटक पदार्थ साथमा लिई वा | ▪ कसूरदारको उमेर अठार वर्षभन्दा कम वा पचहत्तर वर्षभन्दा माथि भएको,<br>▪ कसूरदारले स्वेच्छाले कसूर स्वीकार गरेको वा त्यस्तो कसूर गरे बापत पश्चाताप गरेको,<br>▪ कसूरदारले सम्बन्धित अधिकारी समक्ष आत्मसर्मपण गरेको, |

| | |
|---|---|
| प्रयोग गरी वा विद्युत प्रवाह गरी वा विद्युतीय उपकरण प्रयोग गरी कसूर गरेको वा हातहतियार वा विषालु वा विष्फोटक पदार्थ लिएको मानिसको मद्दतबाट कसूर गरेको,<br>▪ एक पटक कैद सजाय पाएको कसूरदारले पुनः कसूर गरेको,<br>▪ कुनै पारितोषिक वा आश्वासन वा लाभको प्रलोभन पाउन कसूर गरेको,<br>▪ आफ्नो संरक्षण वा नियन्त्रणमा रहेको व्यक्तिलाई प्रयोग गरी कसूर गरेको,<br>▪ आफ्नो संरक्षण वा नियन्त्रणमा रहेको व्यक्तिलाई प्रयोग गरी कसूर गरेको,<br>▪ एकै वारदातमा एकभन्दा बढी कसूर गरेको,<br>▪ नियोजित वा सङ्गठित रुपमा कसूर गरेको,<br>▪ पचहत्तर वर्षमाथिको वृद्धावस्था वा शारीरिक वा मानसिक अस्वस्थताले गर्दा होस ठेगानमा नरहेको वा अपाङ्गताको कारणले आफ्नो बचाउ गर्न सक्ने स्थितिमा नभएको व्यक्ति वा बालबालिकालाई प्रयोग गरी कसूर गरेको,<br>▪ कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले पद वा ओहोदाको दुरुपयोग गरी कसूर गरेको, वा<br>▪ कसूरदारको उमेर, लैङ्गिक स्थिति, व्यक्तिगत, सामाजिक साँस्कृतिक पृष्ठभूमि, कसूर गर्दाको परिस्थिति, कसूर गर्नु अघिको चालचलन लगायतका तर्कसङ्गत रुपमा देखिएका अन्य कुरा। | ▪ शारीरिक, मानसिक तथा अपाङ्गताको कारणले गर्दा कसूरदारको क्षमता ह्रास भएको,<br>▪ अदालतमा साँचो कुरा व्यक्त गरी न्यायिक प्रकृयामा सहयोग पुर्याएको,<br>▪ कसूर स्वीकार गरी भविष्यमा फौजदारी कसूर नगर्ने प्रतिवद्धता व्यक्त गरेको,<br>▪ कसैको बहकाउ वा दवावमा अपराध गरेको, वा<br>▪ कसूरदारको उमेर, लैङ्गिक स्थिति, व्यक्तिगत, सामाजिक साँस्कृतिक पृष्ठभूमि, कसूर गर्दाको परिस्थिति, कसूर गर्नु अघिको चालचलन लगायतका तर्कसङ्गत रुपमा देखिएका अन्य कुरा। |

**छैठौं चरणः** **(कैद यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति कैदको सजाय हुने हो यकिन गर्ने।

**सातौं चरणः** **(जरिबाना यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति जरिबाना हुने हो यकिन गर्ने। कसूरदारलाई जरिबानाको सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को सातौं चरणमा दिइएको छ।

**आठौं चरणः** **(थप सजाय हुने भए निर्धारण गर्ने)** यस कसूरका कसूरदारलाई थप सजाय हुन सक्ने अवस्था भए थप सजाय निर्धारण गर्ने। कसूरदारलाई थप सजाय हुन सक्ने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को आठौं चरणमा दिइएको छ।

**नवौं चरणः** **(सजायमा छुट दिने)** ऐनको दफा १८ग. बमोजिम लागू औषधको कारोबारमा स्वयम सम्लग्न रहेको गिरोह वा अन्य कुनै गिरोहको बारेमा जानकारी र सुराक दिई सो सम्बन्धमा मुख्य अपराधी पत्ता लगाई दिई पक्राउ गर्न सहयोग गर्ने व्यक्तिलाई निज अपराधमा सम्लग्न भए पनि ऐन अन्तर्गत हुने सजायमा पूर्ण वा आंशिक रुपमा सजाय छुट हुने गरी अभियोगपत्र माग दावी भएमा सोही अनुसार छुट दिन सकिने व्यवस्था भएकोले फौजदारी कार्यविधि नियमावलीको नियम १९ बमोजिम कसूरदारलाई हुने सजाय किटान गरी अभियोग दावी लिए बमोजिमको सजायमा छुट दिई सजाय निर्धारण गर्ने।

**दशौं चरणः** **(कसूरसँग सम्बन्धित सम्पत्ति वा साधन जफत)**

- ऐनको दफा १८क. बमोजिम कसूर गरी आर्जन गरेको सबै चल अचल सम्पत्ति र कसूर गर्न प्रयोग गरिएको घरजग्गा वा सवारी साधन जफत गर्ने।

- कसूरदार ठहरिएको व्यक्तिको आफ्नो वा आफ्नो परिवारको थाहा भएसम्मको आम्दानीको स्रोतको अनुपातमा नमिल्दो आर्थिक साधन वा सम्पत्ति भएमा निजले अन्यथा प्रमाणित गर्न सकेमा बाहेक निजको त्यस्तो सम्पत्ति यस ऐन विपरितको कार्य गरी आर्जन गरेको मानी त्यस्तो सम्पत्ति निजको परिवार वा अन्य कसैको नाममा राखिएको भए तापनि सो सम्पत्ति समेत जफत हुने।

**एघारौं चरणः** **(विगो निर्धारण गर्ने)** यस कसूरबाट पीडितलाई विगो भराई दिने व्यवस्था नभएको हुँदा यस कसूरका हकमा यो चरण आकर्षित नहुने।

**बाह्रौं चरणः** **(क्षतिपूर्ति तथा क्षतिपूर्ति शुल्क)**

- यस कसूरबाट पीडितलाई क्षतिपूर्ति भराई दिने व्यवस्था नभएको हुँदा यो चरण आकर्षित नहुने।
- फैसला गर्दा पीडित संरक्षण ऐनको दफा ४१ बमोजिम लाग्ने क्षतिपूर्ति शुल्क समेत निर्धारण गर्नु पर्ने।

**तेह्रौं चरणः** **(अन्य आदेश)** यस कसूरमा कसूरदारलाई निर्धारण भएको सजायको आधारमा फौजदारी कार्यविधि संहिताको दफा १५५ बमोजिम कैद बापत रकम तिर्न सकिने अवस्थाको वा दफा २४ बमोजिम कैद सजाय निलम्वन गर्न सकिने वा दफा २५ बमोजिम सुधार गृहमा वा दफा २६ बमोजिम पुनर्स्थापना केन्द्रमा पठाउन सकिने वा दफा २७ बमोजिम सप्ताहको अन्तिम दिन वा रात्रीकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गराउन पठाउन सकिने अवस्था विद्यमान भए सजाय निर्धारण ऐनको दफा २४ को उपदफा (३) को अधीनमा रही सो सम्बन्धी आदेश गर्ने।

**चौधौं चरणः** **(नैतिक पतन हुने नहुने घोषणा गर्ने)** यस कसूरको कसूरदारलाई नैतिक पतन हुने अवस्था विद्यमान भए वा नभएको सम्बन्धमा विश्लेषण गरी नैतिक पतन हुने वा नहुने अवस्थाको घोषणा गर्ने। नैतिक पतन हुने वा नहुने अवस्थाको विश्लेषण गर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को चौधौं चरणमा दिइएको छ।

**पन्ध्रौं चरणः** **(आधार र कारण सहितको फैसला)** फौजदारी कार्यविधि संहिताको दफा १३१ र सजाय निर्धारण ऐनको दफा १७ मा अदालतको फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु उल्लेख भएको सन्दर्भमा यसै मार्गदर्शन बमोजिम निर्धारण गरिएको सजाय र सान्दर्भीक कुराहरुलाई समेत सिलसिलेवार रुपमा प्रष्ट खुलाई फैसला वा आदेश तयार गर्नु पर्ने। फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को पन्ध्रौं चरणमा दिइएको छ।

## भाग -८

**कसूरः** लागू औषध सम्बन्धी कसूर गर्न दुरुत्साहन दिने, षडयन्त्र गर्ने, उद्योग गर्ने वा मतियार हुने सम्बन्धी कसूर।

**सम्बद्ध कानूनः** लागू औषध (नियन्त्रण) ऐन, २०३३

| दफा | कसूर | सजाय |
|---|---|---|
| ▪ ४, १७ख,<br>▪ १४ | लागू औषध सम्बन्धी कसूरको षडयन्त्र गर्ने, उद्योग गर्ने, दुरुत्साहन गर्ने वा मतियार हुने सम्बन्धी कसूर | लागू औषध सम्बन्धी सम्बन्धित कसूरमा हुने सजायको आधी सजाय |

- ऐनको दफा १७ख. मा लागू औषध सम्बन्धी कसूर गर्न षडयन्त्र गर्ने वा उद्योग गर्ने, दुरुत्साहन दिने वा मतियार हुने कार्यलाई अपराधीकरण तथा सजायको सम्बन्धमा विशेष व्यवस्था गरेको हुँदा सजायको प्रयोजनका लागि अपराध सहिताको भाग-१, परिच्छेद-३ को सामान्य व्यवस्था लागू नहुने।
- लागू औषध सम्बन्धी कसूरको दुरुत्साहन दिने, षडयन्त्र गर्ने, उद्योग गर्ने वा मतियार हुने कसूरदारलाई लागू औषध सम्बन्धी सम्बन्धित कसूर गरे बापत हुने सजायको आधी सजाय हुने व्यवस्था भएकोले लागू औषध सम्बन्धी जुन कसूर गर्न षडयन्त्र गरेको, उद्योग गरेको, दुरुत्साहन दिएको वा मतियार भएको हो सो कसूरमा यसै सामान्य मार्गदर्शन बमोजिम त्यस्तो कसूर गर्ने कसूरदारलाई निर्धारण गरिने सजायको आधा सजाय निर्धारण गर्नु पर्ने।

<u>**नोट**</u>

- जन्मकैद हुने कसूरमा आधा सजाय निर्धारण गर्दा अपराध संहिताको दफा ४२ बमोजिम जन्मकैदको सजाय गणना गर्दा २५ वर्ष कैद सजाय हुने गरी गणना गर्नु पर्ने व्यवस्था भएकोले लागू औषध सम्बन्धी कसूर गर्ने कसूरदारलाई जन्मकैद वा सोको आधी सजाय निर्धारण गर्दा जन्मकैद बापत २५ वर्ष कैद कायम गरी सजाय निर्धारण गर्ने।
- आधा सजाय निर्धारण गर्दा कैद तथा जरीवाना दुवै प्रकारको सजायमा लागू हुने गरी गर्नु पर्ने।

## <u>सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन तयारी समिति</u>

| | |
|---|---|
| डा. आनन्दमोहन भट्टराई, न्यायाधीश, सर्वोच्च अदालत | संयोजक |
| अनिलकुमार सिन्हा, न्यायाधीश, सर्वोच्च अदालत | सदस्य |
| टेकप्रसाद ढुङ्गाना, न्यायाधीश, उच्च अदालत पाटन, हेटौंडा इजलास | सदस्य |
| दुर्गाप्रसाद ढुङ्गेल, न्यायाधीश, मोरङ्ग जिल्ला अदालत | सदस्य |
| डा. श्रीप्रकाश उप्रेती, न्यायाधीश, भक्तपुर जिल्ला अदालत | सदस्य |
| सञ्जीवराज रेग्मी, सह-न्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | सदस्य |
| लालबहादुर कुँवर, रजिस्ट्रार, सर्वोच्च अदालत | सदस्य सचिव |